# नगर प्रमुख भरत प्रसाद रिजाल ज्यूले
# दुल्लू नगरपालिका नगरसभाको १५औं अधिवेशन प्रस्तुत गर्नु भएको

# दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को
# नीति तथा कार्यक्रम

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०८१ असार १० गते

यस गरिमामय  नगरसभाको १५औं अधिवेशनमा उपस्थित नगर उप प्रमुख ज्यू लगायत नगरसभाका सदस्य ज्यूहरु,

नगरसभाका सचिव, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु

सर्वप्रथम समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान ऐतिहासिक, पुरातात्त्विक सम्पदाको संरक्षण र बिकास हाम्रो अभियान” भन्ने मूल नाराका साथ संचालन हुन गईरहेको यस नगरपालिका नगरसभाको १५औं अधिबेशनमा सवैलाई हार्दिक स्वागत गर्दछु । ऐतिहासिक, धार्मिक, पुरातात्त्विक, साँस्कृतिक एवम् प्राकृतिक सम्पदाले भरिपूर्ण यस दुल्लू नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको वैठकमा प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त खुशी लागेको छ। यस अवसरमा म नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै यस नगरपालिका वडा नं. १३ का वडा अध्यक्ष श्री बृख बहादुर शाही ज्यूको २०८० माघ २२ गते भएको दु:खद निधन प्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रदान्जली अर्पण गर्दछु।

हामी जानकार नै छौं, हाम्रा चाहना र आवश्यकता असिमित छन्, तर श्रोत र साधन सिमित छ। सिमित श्रोत र साधनको न्यायोचित वितरण र अधिकतम प्रयोगबाट समग्र नगरपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्वोधन गर्न प्रयास गरिनेछ। तसर्थ सिमित श्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा छनौट गरी समुदायको

अधिकतम जनसहभागिता, सहकार्य तथा सामुहिक स्वार्थ र साझेदारीमा विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ परिस्थिति हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनीतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, विकासप्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसँग सहयोग र सहकार्यको आशा र अपेक्षा गरिएको छ ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् तीन तहको संघात्मक व्यवस्था भएको हाम्रो मुलुकमा कानुनत स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारवाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नति, समृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो । संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रको कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचको सहअस्तितव, समन्वय र सहकार्यमा दुल्लु नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवंम भौतिक पूर्वाधार विकास, दिगो विकास र समृद्धिको लागि यस नगरसभाले दिशानिर्देश गर्नेछ। सोही अनुसार न्यून श्रोत साधनको अधिकतम परिचालन गरी नागरिकहरुका असिमित आवश्यकताहरु पुरा गर्ने ध्येयका साथ नगरपालिकाको तर्फवाट आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

**"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र विकास हाम्रो अभियान"** भन्ने मूल नाराका साथ संचालन हुन गैरहेको यस नगर सभाको १५ औं अधिवेसनमा मा नगरको समग्र विकास कार्यक्रमलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन नेपालको संविधान , स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८, नेपाल सरकारवाट र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन, दिगो विकासका लक्ष्य, १६ औं योजना, कर्णाली प्रदेश सरकारको पञ्चवर्षीय योजना, मध्यमकालिन खर्च संरचना, नगरपालिकाको आबधिक योजना, विषय क्षेत्रगत योजना समेतलाई मध्येनजर गरी आम नागरिकको माग, आवश्यकता, नगरमा प्राप्त श्रोत र साधनको अवस्था, विकास साझेदारको समन्वय र सहयोगमा समावेशी, समन्यायिक, वातावरण अनुकूलन र सुशासनयुक्त विकास लगायत विपद् व्यवस्थापन, स्थानीय स्तरका नागरिकहरुको लागि रोजगारी श्रृजना र आयआर्जन वृद्धि गर्ने खालका कार्यक्रम अगाडि वढाउन कार्यपालिकाबाट स्वीकृत भई आएको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरबाशाली ठानेको छु ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहको दोस्रो निर्वाचन प्रश्चात गठन भएको स्थानीय सरकारको कार्यकालको दोस्रो वर्षमा प्राप्त अनुभवहरुको आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक विकासको दृष्टिले पछाडि परेका वर्ग, लोपोन्मुख आदिबासी, जनजाति, महिला, दलित, असहाय, अपाङ्ग, विपन्न वर्गलाई विकासको प्रत्यक्ष प्रतिफल दिलाउनु, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नु, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु, शैक्षिक गुणस्तरमा सुधार ल्याउनु,

विकास प्रकृयामा जनतालाई अर्थपूर्ण सहभागी वनाई नगरमा रोजगारी सृजना गर्नु, आमनागरिकको जीवनस्तरमा सुधार गर्नु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नु, राजनीतिक दल, नागरिक समाज र गैरसरकारी संस्था वीच विकासका साझा एजेण्डा तयार पार्नु लगायतका दुल्लू नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नुजस्ता विकास प्रकृयाका सवालहरु हाम्रो सामु चुनौतीको रुपमा उभिएका छन् । यस प्रकारका चुनौतीहरुलाई अवसरमा परिणत गरी हरेक नागरिकले खुशी प्राप्त गर्न सके उपलव्धि हुनेछ भन्ने विश्वास लिएको छु ।

आम नगरवासी, नागरिक समाज, जनप्रतिनिधिहरु बिच विकास निर्माणमा देखिएको समन्वय, सहमति र सहकार्य विभिन्न विकास साझेदार संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकास कार्यमा देखाएको अभिरुचि, प्राकृतिक श्रोत, जैविक विविधता, नगरपालिकाको सांस्कृतिक तथा ऐतिहासिक वस्तुहरुको प्राचुर्यता, भौगोलिक अवस्था र विविधतायुक्त हावापानी, आर्थिक केन्द्रहरुको वृद्धि र विकास, सहकारी क्षेत्रको विकास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई विकासका अवसरको रुपमा लिईएको छ। यसैगरी यी अवसरहरुको सदुपयोग गर्दै सरोकारवालाहरुसँगको सहकार्य, समन्वय र सहभागिताको आधारमा विकास निर्माण प्रकृया अगाडि वढाउन सकेमा नगरपालिकाले दिगो र जनमुखी विकास गर्न सक्ने कुरामा म विश्वस्त छु ।

दुल्लू नगरपालिकाबाट जनतालाई प्रवाह गरिदैं आएको सेवामा प्रभावकारिता ल्याउन विषयगत कार्यालयहरु र शाखाहरु बिच भएको प्रभावकारी समन्वय एवं सवै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चारजगत र निजी क्षेत्रवाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग अतुलनीय रहेको छ । नगर सभाको १५औं अधिवेसन संचालन गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८ का आधार र योजना तर्जुमा

का सबै चरणहरुलाई पुरा गर्नुका साथै नगरपालिकामा क्रियासिल राजनीतिक दल, दातृनिकाय, गै.स.स., बिद्यालयका प्रधानाध्यापक ज्यूहरु ,नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग तथा आम जनसमुदायबाट प्राप्त भएको रचनात्मक सुझाव, सल्लाह र सहयोगलाई समेत मध्यनजर गरिएको छ । यस कार्यमा सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

नगरसभाको यस अधिवेशनले तय गरेको आगामी आ.व.०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रमले आगामी दिनमा नगरपालिकाको दिगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत समुदायको सहभागितामा नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै संस्थागत व्यवस्थापन, स्थानीय अनुकुलन र वातावरण संरक्षण लागायतका क्षेत्रमा सकारात्मक रुपान्तरण भई महिला, दलित, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत समुदायको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिईएको छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु**,

अव म आगामि आर्थिक वर्ष ०८१।०८२ का लागि दुल्लू नगरपालिकाले अवलम्वन गर्ने मुख्य मुख्य क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास सम्बन्धी नीतिहरु

### १.१. कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीतिहरु

१.१.१. **साना तथा मझौला कृषि पकेट क्षेत्रको विकास** गर्नका लागि खाद्यन्न, फलफुल, तरकारीको क्षेत्र विस्तार, उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्न बीउ मुल्य अनुदान र ढुवानी मुल्य अनुदान उपलब्ध सहित मानव श्रम कार्यबोझ घटाउने खालका साना कृषि औजार यन्त्र वितरण कार्यक्रम संचालन गरिनेछ ।

१.१.२. सुन्तलाजात फलफुल उत्पादनको प्रचुर सम्भावना रहेको दुल्लू नगरपालिकाका वडा नं १,२,४,५,६,र ११ वडा लगाएत अन्य वडाहरुमा जलवायुमैत्री सुन्तलाजात फलफुल पकेट क्षेत्र विस्तार र व्यावसायिक उत्पादन गर्दै कृषकलाई आत्मनिर्भर बनाउने उद्धेश्यले **सुन्तला जातका फलफुल पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता** गरिनेछ ।

१.१.३. नगरपालिकाका विभिभन्न वडाहरुको सम्भाव्यता अध्ययन गरि **"एक वडा एक कृषि उत्पादन "** कार्यक्रमको अवधारणालाई थप व्यवस्थित गर्दै कृषि उत्पादन एवम् उत्पादकत्व बृद्धि गरी यस नगरपालिका क्षेत्रलाई अर्गानिक तरकारी, फलफूल, खाद्यान्न, बालीमा आत्मनिर्भर बनाउनका लागि विभिन्न विकास साझेदारहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारीमा कृषि कार्यक्रम संचालन गरिनेछ।साथै नगरपालिका र विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरण र क्षति व्यवस्थापन गर्न नगरपालिका मार्फत निशुल्क किसान कल सेन्टर संचालन सहित **जलवायु मैत्री स्थानीयकृत कृषि उत्पादन प्रसार, विमा र कृषि मौसम बारे ग्रेप परियोजना मार्फत Geo कृषि एप सल्लाह परामर्श सेवालाई** निरन्तरता दिईनेछ ।

१.१.४. कृषिलाई नगरपालिकाको मुख्य आधार स्तम्भ मानेर विद्यमान कृषि ऐन कानूनलाई संशोधन परिमार्जन सहित कृषि विकास रणनीतिक निर्माण गरी कार्यान्वयन गरिने छ।

१.१.५. **उत्पादनमा आधारित अनुदान प्रोत्साहन कार्यक्रम** संचालन गरिने छ।

१.१.६. वडाको सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्वित हुने गरि उष्ण, उपोष्ण र समशितोष्ण जलवायू अनुसारको उपयुक्त

व्यावसायिक कृषि पकेट बस्तु क्षेत्रको विकास गर्न **एकिकृत प्याकेज कार्यक्रम** लागु गरिनेछ । यसमा कम आयतन बढी मुल्य पर्ने अलैंची खेती, च्याउ, कफी, फलफूल, स्याउ, केरा, आँप, किवि, एभोकाडो, लिचि, नास्पाति, हलुवावेद, ओखर, अनार तथा अमिलो जातको फलफुल, बेमौसमि तरकारी खेति, तरकारी विउ उत्पादन र मसला बालि प्रवर्द्धनमा बिशेष जोड दिइने छ।

१.१.७. किसानको उत्पादनलाई खेर जान नदिन उत्पादित वस्तुको बजार व्यवस्थापन,सुरक्षित भण्डारणको लागि कृषि डाँडामा कृषि हाट बजार निर्माण दुल्लू नगरपालिका वडा नं १ मा संकलन केन्द्र निर्माण र प्रयोग, सहित दुल्लू नपा वडा नं ६ मा निर्माणाधिन कोल्ड चेम्वर तथा रष्टिक स्टोर संचालनमा ल्याइनेछ।

१.१.८. कृषकलाई तरकारी खेति, च्याउ खेति, विषादीको न्यून प्रयोग, जैविक विषादी निर्माण र प्रयोग सम्वन्धी तालिमका साथै **स्थानीय स्रोत व्यक्तिको तयार गर्ने** कार्यलाई सेवा विस्तार गरिनेछ।

१.१.९. किसानहरुलाई स्थानीय स्तरमा लोपउन्मुख रैथाने बाली बस्तु संरक्षण र प्रर्वद्धनको लागि समुह, सहकारीको माध्यम मार्फत सामुदायीक वीउ बैक स्थापना सहित संचालन गर्ने ब्यवस्था मिलाईनेछ।

१.१.१०. माटोको उर्वरा शक्ति कायम राख्नको लागि माटो शिविर संचालन तथा नगरस्तरीय मिनी ल्याव स्थापना गरि संचालन र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै **भर्मी कम्पोष्ट, भर्मी वास**, **गोठेमल सुधार तथा भकारो व्यवस्थापन कार्यक्रम** सुरु गरिने छ। साथै प्राङ्गारिक कम्पोष्ट पीट र झोल मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१.१.११. **आत्मनिर्भर कार्यक्रम** अन्तर्गत मकै, गहुँ, धान, कोदो, फापर, जौ, भट्टमास, आलु बाली तथा ताजा तरकारी खेती र अदुवा बेसार अलैची बाली **विशेष आत्मनिर्भर कार्यक्रम** संचालन गरिनेछ ।

१.१.१२. **बाँझो जमिनको उपयोग, उत्पादनमा सहयोग"** भन्ने सोचका साथ बाँझो जग्गामा खेतीका लागि कफि, फलफुलमा किवी, अनार, केरा, आँप, लिची लगायत अन्य जातका वृक्षारोपण तथा प्रोत्साहन कार्यक्रमहरू संचालन गरिने छ।

१.१.१३. मौसमी तथा बेमौसमी तरकारी खेतीलाई व्यावसायिक र दिगो बनाउन (जैविक मल, विषादी वीउ, कृषि सामाग्री, प्लाष्टिक पाल, कृषि यान्त्रीकरण, प्राविधिक सेवा) प्रविधिको व्यापक विस्तार गर्नको लागि **प्रविधि विस्तार कार्यक्रम** सहित निर्माण भइ संचालनमा रहेका पक्की टनेलहरुको स्तरउन्नति तथा निरन्तरता दिईनेछ।

१.१.१४. जैविक विविधताको संरक्षण गर्दै कृषि वन प्रणालीको माध्यमबाट सार्वजनिक, निजी, सामुदायीक वन, सहकारी सहित कृषि शिक्षा पढाई हुने विद्यालय/कलेजमा वोटानिकल गार्डेनको स्थापना/ वृक्षारोण गरिने छ।

१.१.१५. **जलवायू मैत्री कृषि उत्पादनलाई प्रोत्साहित** गर्न नगरपालिका र ग्रेप परियोजना, सिप्रेड नेपाल, एनसाप नेपाल, ग्रिन कर्णाली, लिवर्ड, सोसेक नेपाल, ASDP, LISP लागाएत अन्य गैर सरकारी संस्था संगको समन्वय तथा सहकार्यमा थप विस्तार र निरन्तरता दिईने छ ।

१.१.१६. कृषि क्षेत्रको उत्पादन बृद्धि गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहानलाई साना सिँचाई, स्वाइल सिमेन्ट प्लाष्टिक पोखरी, थोपा सिँचाइ, पोखरी सिँचाईको निर्माण र प्रयोगमा ल्याईनेछ । साथै सुविधा नपुगेको जमिनमा सिँचाई सुविधाको

लागि **साना सिँचाई कार्यक्रम** संचालन गरिने छ जसले रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारणमा टेवा पुग्नेछ।

१.१.१७.**दुल्लू नपा वडा नं २ को ग्रिन हाउस नर्सरी नियमित संचालन सहित एक वडा एक कृषि बहुउद्धेश्यी नर्सरी स्थापना** गरी वडा स्तरबाटै आवश्यक बीउ बिजन, फलफुल, जडीबुटी लगायत सेवा वडास्तरमै उपलब्ध गराइनेछ।

१.१.१८. यस नगरपालिका क्षेत्र भित्र निरन्तर कृषि पेशा व्यवसायमा संलग्न **किसानहरुलाई प्रोत्साहन गर्न क्षमता विकास कार्यक्रम** संचालन तथा थप गरिनेछ।

१.१.१९.नगरपालिका भित्र व्यवस्थित रुपमा बाली उत्पादन तथा वातावरण मैत्री कृषि उत्पादन गर्नका लागि कृषक पाठशाला मार्फत आई.पि.एम, आई.पि.एन.एस, विभिन्न प्रर्दशन, संचालन गरिनेछ।

१.१.२०. मौसम तथा अन्य प्रकोपको उतारचढावको अवस्थामा ०.५ रोपनी भन्दा कम जमिन भएका र वर्षभरी सिमान्त कृषकहरुको लागि **खाद्य तथा पोषण सुरक्षा विकास कार्यक्रम अन्तर्गत पौष्टिक महत्वका बाली च्याउ, कुरीलो, कोदो लगायत अन्य बीउविजन** वितरण गरिनेछ।

१.१.२१. नगरपालिकाले किसानलाई उत्पादन वृद्धि गर्न कृषि कर्जाका लागि कृषि विकास बैकं मार्फत कृषि विकास फण्ड व्यवस्था गरी सहुलियत कर्जा कार्य विधि कार्यक्रम तयार र विस्तार गरिनेछ।

१.१.२२. यस नगरपालिका र वतास फाउन्डेसनको समन्वय र सहकार्यमा संचालित केरा खेती, केतुकी वृक्षारोपण र रेशा निकाल्ने प्रविधिको निरन्तरता सहित व्यवसायिक रुपमा उपयोगमा ल्याईनेछ ।

१.१.२३. किसान सुचीकरण कार्यक्रम मार्फत किसान घरधुरी सुचीकृत गरी किसान परिचय पत्र जारी, वर्गिकरण तथा वितरण गरिनेछ ।

१.१.२४. कृषि तथ्याङ्क अध्यावधिक गरी व्यवस्थित गरिनेछ।

१.१.२५. व्यवसायीक किट विकास कार्यक्रम तर्फ नगरस्तरीय च्याउ वीउ उत्पादन ल्याव स्थापना तथा मौरीपालन पकेट विकास सम्भाव्यता अध्ययन र मौरीसहित मौरी घार वितरण गरिनेछ ।

१.१.२६. खाद्य वस्तु विविधिकरण गर्न साना तथा मझौला उद्योग स्थापना गरी सर्वोतम पिठो उत्पादन र गुणस्तर उपभोग तथा नियमन गर्न बजार अनुगमन समिति द्धारा अभियान कार्यक्रम संचालन गरिनेछ।

१.१.२७. किसानहरुको कृषि उपज खरिद विक्रि वितरणका लागि (**AMIS**) विद्युतीय कृषि बजार मुल्य सुचना प्रणाली प्रविधि मार्फत दुल्लू नपाका १३ वटै वडाहरुमा जडान तथा संचालन गरिनेछ ।

१.१.२८. **स्थानीय स्वरोजगार वृद्धि गर्न** तथा **पशुपन्छीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर** बनाउदै उत्पादित पशुपन्छीजन्य वस्तुको निर्यात गर्ने नीति लिइनेछ ।

१.१.२९. पशुपालन व्यवसायलाई **व्यवसायिक, आयमूलक तथा आकर्षक पेशाको** रुपमा विकास गरी खाद्य तथा पोषण सुरक्षा, गरिवी न्यूनिकरण र रोजगारीको सिर्जना गर्ने क्षेत्रको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१.१.३०. पशुपन्छीपालनबाट गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुर्याउदै, राज्यले अपनाएको समावेशिकरण र सामाजिक न्यायको आधारमा पशु विकास कार्यक्रममा **लक्षित समुदायलाई मुलधारमा** ल्याईनेछ ।

१.१.३१. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत नियमित रुपमा **पशुपन्छीको औषधि उपचार सेवा, पशु बन्ध्याकरण, गाईनोकोलोजिकल सेवा, माईनर सर्जिकल सेवा, रोग निरोधक खोप, आकस्मिक महामारी नियन्त्रण** जस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।

१.१.३२. स्थानीय स्तरमा छिटोछरितो तरिकाले विश्वसनीय रोग निदानको सेवा प्रवाह गर्नका लागि **आधारभुत प्रयोगशाला स्थापना गरी नमुना सङ्कलन, परीक्षण तथा अन्वेषणका** लागि सिफारिस गरिनुका साथै भेटेरीनरी डिस्पेन्सरी सेवालाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ।

१.१.३३. **पशु नश्ल सुधार कार्यक्रम** अन्तर्गत पशुवस्तुको उत्पादन र उत्पादकत्वको दिगो वृद्धि गर्न **कृत्रिम गर्भाधान सेवा लाई निरन्तरता दिदै** प्राकृतिक गर्भाधानका लागी लागत सहभागितामा उन्नत जातका राँगा, साँढे तथा बोका वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.३४. **स्थान विशेषका आधारमा पशुवस्तुको पकेट क्षेत्र** निर्धारण गरी प्राङ्गारिक पशुपन्छ्ि पालन, रैथाने जातको श्रोत विकास तथा संरक्षण र बजार व्यवस्थापनमा कृषक समूह, कृषि सहकारी तथा निजि क्षेत्रलाई संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

१.१.३५. **स्थानीय पशु उत्पादनः** खसीबोका, लोकल कुखुरा तथा दुग्धजन्य पदार्थलाई प्रोत्साहन र बजारीकरणका लागि **हाटबजार, डेरी पसल स्थापना, मासु पसल सुधार** जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.३६. परम्परागत पशुपन्छीपालन व्यवसायलाई **आधुनिक तथा वैज्ञानिक पद्धतीमा** रुपान्तरण गर्न पशुपन्छीको खोर, गोठ तथा भकारो सुधार गरी कृषकहरुलाई व्यवसायिकता उन्मुख हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.३७. व्यवसायिक रुपमा पशुपालन व्यवसाय गरिरहेका कृषकहरुका लागि आवश्यकता अनुसार क्षमता विकास तथा **व्यवसायिक पशुपालन तालिम**को व्यवस्था गरिनेछ ।

१.१.३८. **भेटेरीनरी प्रसार सेवा कार्यक्रम** अन्तर्गत सेवाको पहुँचबाट टाढा रहेका किसानका घरदैलोमा नै पशुपन्छीहरुमा हुनेसक्ने विभिन्न

जोखिमहरुलाई लक्षित गरी **निःशुल्क पशु स्वास्थ्य शिविर** मार्फत पशु स्वास्थ्य परीक्षण, आबश्यक पर्ने सामाग्री तथा औषधी निःशूल्क रुपमा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

१.१.३९. पशुजन्य पदार्थ उत्पादन तथा जनस्वास्थयमा मुख्य रुपमा असर पार्ने महामारीको रुपमा रहेका बिभिन्न पशुपन्छीका **रोगहरु बिरुद्दको खोप तथा उपचार कार्यक्रम**लाई विशेष प्राथमिकताका साथ सञ्चालन गरी क्षति न्यूनिकरण गरिनेछ ।

१.१.४०. पशुपालनमा **लागत खर्च कम गरी पोषणमा सुधार ल्याउन विभिन्न** किसिमका हिउँदे, बर्षे, बहुबर्षे डाँले तथा भुई घाँसहरु कृषकहरुको मागको आधारमा वितरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।

१.१.४१. कृषकहरुको लगानी सुरक्षित र जोखिम न्यूनिकरण गर्न नगर क्षेत्रमा **पशुपन्छी बिमा कार्यक्रम**लाई विशेष प्राथमिकताका साथ अगाडि बढाउन समन्वय र सहकार्य गरी थप प्रभावकारी बनाइनेछ ।

१.१.४२. उपभोक्ताहरुलाई **स्वस्थ दुध र मासु उपलव्ध गराउन** तथा डेरी र मासु पसललाई करको दायरामा ल्याउन **बजार अनुगमन** कार्यलाई नियमन गर्दै सूचना सम्प्रेषण र **तथ्याङ्क अध्यावधिक** गर्ने कार्यलाई निरन्तरता दिदै **नगरको राजस्व वृद्धिमा सहयोग** पुग्ने बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१.१.४३. उपभोगको माध्यम बाट खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउन **स्थानिय तथा रैथाने जातका** बढि मुल्य जाने खालका पशुपन्छीहरु जस्तैः **कालिज, स्थानिय कुखुरा, बट्टाई, टर्की र खरी जातका बाख्रापालन** लाई प्रवर्दन गर्दै पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन उपयुक्त पद्धति अवलम्बन गरिनेछ ।

१.१.४४. पशु तथा पशुजन्य पदार्थको उत्पादन बृद्धिका लागी आवश्यक पर्ने उत्पादन सामाग्रीहरुमा **कृषकको पहुँच बढाई उत्पादन लागत कम गरी** पशुपालन व्यवसायलाई प्रतिष्पर्धी बनाउने नीति अवलम्बन गरिनेछ।

१.१.४५. नगरपालिका भित्र बसोबास गर्ने भेटेरिनरी विषय अध्ययन गरी बेरोजगार रहेका प्राविधिकहरुलाई **आत्मनिर्भर हुन** पशुपन्छी हरुको उपचार तथा विभिन्न किसिमको महामारी र संक्रमित रोगहरुको नियन्त्रण कार्यमा उपयोग गर्ने तथा **व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु** सञ्चालन गरी स्वरोजगार हुने अवसर सिर्जना गरिनेछ ।

१.१.४६. नगरपालिकाभित्र व्यवसायिक रुपमा गाई भैसीपालन, कुखुरापालन, अण्डा उत्पादन, बंगुर पालन तथा माछापालन गरिरहेका किसानहरुलाई उत्पादनमा आधारित **प्रोत्साहन कार्यक्रम** सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

## १.२. उद्यम विकास नीतिहरु

१.२.१ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन मेड्पा निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकासका विभिन्न मोडेलहरु अबलम्बन गरी उधम विकास सम्बन्धी सेवाहरुलाई एकिकृत रुपमा प्रदान गरिने छ ।

१.२.२ मागमा आधारित उधम पर्यटन, कृषि तथा गैह्र कृषि क्षेत्रमा जोड दिई स्थानीय श्रोत साधन तथा स्थानीय उत्पादनमा जोड दिदै आत्मनिर्भरता तर्फ उन्मुख गरी ब्यावसायिकरणका माध्यमबाट हाल भैरहेका आयातमा प्रतिस्थापन गरी उद्यमशिलता मार्फत नगरपालिका भित्र रहेका युवा तथा लक्षित वर्गलाई आत्मनिर्भर बनाउन जोड दिईनेछ।

१.२.३ बजारको मागका साथै श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा विकास र उद्यमीको स्तरोन्नती गरिने छ।

१.२.४ नगरपालिकामा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पूर्वाधार निर्माणको लागि प्रक्रिया बढाइने छ।

१.२.५ लघु, साना तथा घरेलु उद्योग सञ्चालन हुने उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट तथा थप सहुलियत प्रदान गरिने छ। बिदेशबाट फर्केका तथा बेरोजगार युवाहरुलाई स्थानीयस्तरमा स्वरोजगारीका अवसर सृजना गर्नका लागि उद्यमशिलता तालिम सञ्चालन गरी एक घर एक उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२.६ आगामी आर्थिक वर्षमा ८० जना नयाँ उद्यमी सृजना गरिने छ भने पुराना र वास्तविक उद्यमी पहिचान गरी स्तरोन्नती मार्फत २० जना उद्यमीहरु तयार गरिने छ।

१.२.७ लघु उद्यमीहरुले उत्पादन गरेका बस्तुहरुको बजारीकरण तथा प्रवर्द्धनमा जोड दिनुका साथै कोशेली घरको अवधारणालाई कार्यान्वयन तथा सञ्चालनमा ल्याउनको लागि विशेष पहल गरिने छ।

१.२.८ विशेष गरेर दुल्लू नगरपालिका भित्र रहेका लक्षित वर्गहरु तथा गरिव घरधुरी पहिचान कार्यक्रम मार्फत् पहिचान भएका गरिव घरधुरीलाई विभिन्न सिपमूलक तालिम तथा आय आर्जनमूलक तालिमको व्यवस्था गर्ने साथै उद्यमशिल बनाई उनीहरुको आर्थिक अवस्था सुधार गर्नमा जोड दिईने छ ।

१.२.९ व्यवसाय गरिरहेका र दर्ता नगरेका उद्यम व्यवसायलाई दर्ता र दर्ता भएका उद्यमलाई नवीकरण गर्न सहजिकरण गरिने छ ।

१.२.१० विभिन्न विकास साझेदारहरुसँगको समन्वयमा स्वरोजगारमूलक उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

१.२.११ नगरपालिका भित्र सञ्चालित उद्यम तथा व्यवसाय का साथै लघु उद्यमीहरुको अद्यावधिक र अनुगमन गरी आवश्यक्ता अनुसार व्यवसाय विकास तथा विस्तारका लागि सहजीकरण गरिने छ।

## १.३ <u>रोजगार सेवा केन्द्र सम्न्धी नीतिहरु</u>

१.३.१ रोजगार व्यवस्थापन सुचना प्रणालीमा सूचीकृत भएका २३९९ बेरोजगार व्यक्तिहरु मध्ये स्तरीकरणका आधारमा न्युनतम १०० दिनको रोजगारी सिर्जना गरिने छ ।

१.३.२ नगर क्षेत्र भित्र सञ्चालन हुने भौतिक पुर्वाधारजन्य योजनाहरु कार्यान्वयनको क्रममा ठेक्का प्रणाली वा उपभोक्ता समिति बाट संचालन हुने सबै प्रकृतिका आयेजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई सहभागी गराइ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसुची ३ को दफा २० को उपदफा १ संग सम्वन्धीत रोजगारमुलक आयोजनाले रोजगार सेवा केन्द्रमा श्रमीक माग भए अनुसार श्रमीकको माग र पुर्तीको अवधारणा लाई कार्यान्वयनमा ल्याईनेछ ।

१.३.३ आगामी आर्थिक वर्ष २०८१/०८२ मा पुर्वाधारजन्य योजनाहरु कार्यान्वयनको क्रममा ठेक्का प्रणाली वा उपभोक्ता समिति बाट संचालन हुने सबै आयेजनाहरुमा काम गर्न कामदारको ज्याला बापतको रकम उपभोक्ता समितिको खातामा नभई कामदारको बैंक खाता मार्फत रकम भुक्तानी गर्ने नितिलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

१.३.४ स्थानीय तहमा रहेका सीप विकास उधमशिलता र बैदेशिक रोजगारीमा गएका व्यक्तिको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्न, स्थानिय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमेजिम कार्यक्रम र बजेट निर्माण गर्न, नागरिकलाई व्यावसायिक सीप विकास रोजगारी प्रबर्द्धन, उत्पादनशिल रोजगारी सिर्जना, उधमशिलता प्रबर्धन, स्वरोजगारी, बैदेशिक रोजगारीमा जानेलाई दिईने सेवालाई प्रभावकारी कार्यन्वयनमा ल्याउनका लागी स्थानीय रोजगार रणनीति तयार गरीनेछ।

१.३.५ विपन्न तथा गरिवीको चपेटामा परेका घरधूरीहरुको तथ्याकं अध्यावधिक गरि उनीहरुको आर्थिक तथा सामाजिक विकासको लागि स्वरोजगार मुलक सिपमुलक कार्यक्रम संचालन गरिने छ । तथा नगरपालिकाले संचालन गर्ने आयोजनाहरु स्थानीय श्रोत साधन र सामग्रीहरुको प्रयोग तथा रोजगारीमा वृद्धि हुने गरि संचालनमा ल्याइने छ।

१.३.६ वैदेशिक रोजगारीका लागी बाह्य मुलुक जाने कामदारहरुलाई श्रम स्वीकृति सम्बन्धी सहजिकरणको कार्यलाई निरन्तरता दिईनेछ ।

१.३.७ आगामि आर्थिक वर्ष २०८१/०८२ मा वैदेशिक रोजगारीमा गएर नेपाल फर्किएका व्यक्तिहरुको सिपको विवरण सहितको तथ्याकं संकलन र अध्यावधिक गरिने छ।

१.३.८ सरकारी गैरसरकारी निजि क्षेत्र सँग वेरोजगार व्यक्तिहरुलाइ रोजगारी प्रदान गर्नका लागि विभिन्न प्रकृतिका तालिम गोष्ठि अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

१.३. <u>सहकारी सम्बन्धी नीतिहरु</u>

१.३.१ सहकारीको मुल्य मान्यता तथा सिद्धान्तको अनुशरण गर्न नगरपालिका भित्रका सबै सहकारी संस्थाहरुलाई अभिप्रेरित गरिनेछ ।

१.२.१ सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृदि कार्यक्रम संचालन गरिनुका साथै सामुहिक उद्योग संचालन गर्न अभिप्रेरित गरिनेछ ।

१.२.२ सहकारीका क्षेत्रलाई सक्षम बनाउन वित्तीय सहयोग उपलब्ध गराउनका साथै आवश्यक पुर्वाधारको विकास गरिनेछ ।

१.२.३ सहकारी संस्थाहरुलाई गतिशिल बनाउन सहकारी प्रर्वद्धन शाखामा थप जनशक्ति व्यवस्थापन गरिनेछ।

१.२.४ दुल्लू नगरपालिका कार्यक्षेत्र भएका सम्पुर्ण सहकारी संस्थाहरुलाई अनिवार्य कोपोमिस प्रणालीमा आवद्द गरिनेछ ।

१.२.५ सहकारी संस्थाहरुको व्यवस्थापन तथा संचालन सम्बन्धि क्षमता विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

१.२.६ सहकारीको भौतिक पुर्वाधार विकासका लागि सहकारी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

१.२.७ सहकारी संस्थाहरुलाई समस्या ग्रस्त हुन नदिन आन्तरिक शुसासन र आर्थिक प्रणालिमा सुधार गर्न पालना गर्नु पर्ने विषयमा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

१.२.८ सहकारी संस्थाहरुले प्रयोगमा ल्याएका असल अभ्यास आदान प्रदानका लागि प्रचार प्रसार र अनुसरण कार्यमा प्रभावकारीता ल्याउनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१.२.९ सहकारी संस्थाहरुले ऋण प्रवाह गर्दा ऋण परामर्शलाई प्रवाहकारी बनाउने ऋणको सुरक्षण हुने किसिमले धितो लिने, ऋणको भाका नाग्न नदिनका लागि आवश्यक पहल गर्न परामर्श गरिनेछ।

१.२.१० स्थानिय तहले स्थानिय परिवेस लाई सम्वोधन गर्ने गरी ऐन कानुनलाई परिमार्जित गर्दै लैजाने व्यवस्था गरिनेछ ।

१.२.११ दुल्लू नगरपालिका वडा नं १ देखि १३ वडा भित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुलाई आवश्यकता बमोजिम ऐन कानुनको परिधि भित्र रहि एकिकरण गर्ने र सहकारी संस्थाहरुमा आर्थिक शुसासनको प्रवर्द्धन गरिनेछ ।

१.२.१२ अनुदान मात्र लिने उदेश्यले सहकारी संस्था दर्ता गर्ने गराउने प्रवृतिलाई निरुसाहित गरिनेछ।

१.२.१३ दर्ता भइ निस्कृय भएका सहकारी संस्थाहरुलाई सक्रिय गराउन डाटा संकलन गरी उक्त संस्थाका पदाधिकारी तथा संचालक र व्यवस्थापकहरुलाई सहकारी शिक्षामा जोड दिन आवश्यक सल्लाह सुझाव र परामर्श गरिनेछ ।

१.२.१४ सहकारी साधारण सभा संचालक समिति, लेखा सुपरिवेक्षण समिति सदस्यको भुमिका निर्बाह गर्न गराउनका लागि सहकारी प्रवर्द्धन शाखालाई अनुगमन र नियमनमा प्रभावकारी बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१.४ संस्कृति पर्यटन सम्बन्धी नीतिहरु

१.४.१ "हाम्रो सस्कृर्ति, हाम्रो गौरव र हाम्रो पर्यटन" भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटकीय पुर्वाधार निर्माण गरी धर्म संस्कृति प्रवर्द्धन, धार्मिक पर्यटकीय पुर्वाधार निर्माण, आन्तरकि तथा वाह्रय प्रर्यटनको प्रवर्द्धन गर्ने उदेश्यले पञ्चकोशी क्षेत्रको पूर्वाधार विकासका थप आयोजनाहरु संचालन गरिनेछ ।

१.४.२ यस नगरपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रहरुमा कृत्रिम ताल र मनोरञ्जन पार्कको विकास गरी

आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

१.४.३ पर्यटन प्रवर्द्धनको लागि पुराना होमस्टेहरुलाई प्रवर्द्धन गर्ने तथा यस क्षेत्रमा रहेका होटलहरुलाई अतिथि सत्कार सम्बन्धी व्यवस्थापकीय तालिमको प्रबन्धका लागि आवश्यक पहल गरिनेछ ।

१.४.४ Decorative Agro-tourism लाई प्रवर्द्धन गरिने छ ।

१.४.५ "धार्मीक पर्यटकीय विकासका लागि पुर्वाधार, स्थानीय रोजगारी र विकासको मूल आधार" भन्ने अबधारणलाई आत्मसाथ गर्दै पञ्चकोशी रीङ्गरोड निर्माण र स्तरोन्नती, दुल्लू सांस्कृतिक संग्राहलयलाई पुन: निर्माण, विजया साहित्यीक उद्यानको पूर्णता, सिमा क्षेत्रमा पर्यटकिय नक्सा निर्माण, सास्कृतिक सम्पदाहरुको संरक्षणका लागि नगर प्रहरीको व्यवस्थापन, ऐतिहासिक दुल्लू दरबारको पुन: निर्माण लगाएतका कार्यहरु गरिनेछ ।

१.४.६ ज्वाला र पञ्चकोशी क्षेत्रको प्रचार प्रसारका लागि विभिन्न विकास साझेदारहरु र विभिन्न क्षेत्रका धार्मीक गुरुहरुको सहयोग तथा समन्वयमा दौडिन्छ पञ्चकोशी, घुमो पञ्चकोशी देखो ज्वाला, ज्वाला देखौं भाग्य लेखौं लगाएतका कार्यक्रम संचालन गर्नका लागि आवश्यक पहल गरिनेछ।

१.४.७ पञ्चकोशी क्षेत्रको संरक्षण तल्लो डुङ्गेश्वर यज्ञशाला र पानी, श्रीस्थान धर्मशाला र पानी, नाविस्थान धर्मशाला र पानी, धुलेश्वर धर्मशाला र पानी,पादुका मन्दिर पानी, मालिका धर्मशाला, धर्मद्धी, तियाडी मन्दिर मर्मत गर्ने कार्य गरिनेछ । भने क्रमशः अन्य सम्पदा मर्मत निर्माण र व्यवस्थापन गर्दै लगिनेछ ।

२. पुर्वाधार विकास क्षेत्र सम्बन्धी नीतिहरु

## २.१. **भवन वस्ती आवास तथा शहरी विकास सम्बन्धी नीतिहरु**

२.१.१. **"विश्वासिलो स्थानीय पूर्वाधार दिगो विकासको मजबुत आधार"** भन्ने लक्ष्य सहित दुल्लू नगरपालिकालाई जिल्ला कै नमुना पालिकाको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसंगको समन्वयमा विस्तृत अध्ययन अनुसन्धान गरी व्यबस्थित तथा नमुना वस्ती विकासको अबधारणा अबलम्बन गर्ने नीति लिइनेछ ।

२.१.२. दुल्लू नगरपालिका वडा नं ६मा दुल्लू ईन्जिनियरिङ्ग क्याम्पसको पूर्वाधार निर्माणका लागि जग्गा प्राप्ति र संबन्धनका लागि थप पहल गरिनेछ ।

२.१.३. शहरी विकासको मापदण्ड र दुल्लू न.पा भवनसंहिता २०७८ (संशोधन) अनुसार घर लगायतका संरचना निर्माण गर्ने नीति लिइनेछ।

२.१.४. वीस लाख भन्दा माथिका पूर्वाधारजन्य आयोजनाहरुमा अनिवार्य विमा गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।

२.१.५. नगरपालिका क्षेत्रमा नक्सा पास नगरी बनेका पक्की घर अभिलेखीकरणको लागि आवश्यक कानुनी व्यवस्था गरी तत्काल कार्यान्वयन गरिनेछ साथै कच्ची टहरा र गुठी जग्गामा बनेका र मापदण्ड अनुसार नयाँ बन्ने घर टहरा लगायतका संरचनाको दर्ता गरी अभिलेखीकृत गरिनेछ।

२.१.६. भुकम्प प्रतिरोधी भवन निर्माणका लागि सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न उपयुक्त तालिमको व्यवस्था गरि थप जनशक्ति

उत्पादनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरीनेछ। भवन गुणस्तर मुल्याङ्कनमा प्रविधिको प्रयोग गरिनेछ।

२.१.७. नगरपालिकाभित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।

२.१.८. कर्णाली समृद्धी कार्यक्रम अन्तर्गत संघीय सरकारको सहयोगमा नगरपालिकामा एकिकृत सहरी विकास कार्यक्रम लागु गरिनेछ।

२.१.९. चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरु तथा अलपत्र रहेका पुराना योजनाहरुलाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२.१.१०. जलवायु परिवर्तनलाई मध्यनजर गरि बेमौसमी फलफुल तथा तरकारी बाली उत्पादनका लागि सिंचाईकुलो लाई प्राथमिकरण दिइनेछ।

२.१.११. दुल्लू नगरपालिकामा रहेको सवैभन्दा ठूलो समस्या गुठीको समस्यालाई रैकर सरह तिरो तिराउने भनि निर्णय भइसकेको र धितो कारोबारोको लागि आवश्यक पहल गरिनेछ ।

२.१.१२. उपभोक्ता समितिवाट संचालन हुने योजना तथा कार्यक्रमका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ ।

२.१.१३. भौतिक पूर्वाधार निर्माण कार्यसंग सम्वन्धित योजनाहरुमा निर्माणको क्रममा हुन सक्ने त्रुटिलाई कम गर्न योजनास्थलमा नै प्राविधिक कर्मचारी खटाई पूर्व सम्भाव्यता अध्ययन गरी लागत अनुमान तयार गर्ने, नियमित अनुगमन निरीक्षण गर्ने जस्ता कार्यहरुलाई

निरन्तरता दिदै थप प्रभावारीरुपमा अवलम्वन गरी हुन सक्ने वित्तिय जोखिमतालाई न्यूनीकरण गरिने छ ।

२.१.१४. सिंचाई, खानेपानी जस्ता उपभोक्ताहरुसँग प्रत्यक्ष सरोकार राख्ने साना पूर्वाधारका योजनाहरुको दिगो संचालन र उपभोगको लागि स्थायीखालको समिति निर्माण गरी मर्मत सम्भार कोष निर्माणको व्यवस्था मिलाईनेछ ।

२.१.१५. योजनागत अनुगमन र वडास्तरीय अनुगमन समितिको क्षमता विकास गरी वडा तथा वस्तीस्तरमा निर्माण हुने योजनाहरुको गुणस्तरीयता र दिगोपनाको सुनिश्चित हुने व्यवस्था मिलाईने छ ।

२.१.१६. योजना तथा कार्यक्रमहरुको भुक्तानी प्रक्रियालाई प्रभावकारी, छिटो छरितो, पारदर्शी र एकिकृत सूचना प्रणाली सहितको प्रगती प्रविष्ठि हुने खालको योजनाको सफ्टवयेर विकास गरिने छ ।

२.१.१७. आर्थिक वर्षको अन्त्यतिर उपभोक्ता समितिहरुवाट योजनाको भुक्तानी मागका लागि कागजात पेश भई भुक्तानी प्रक्रियामा समस्या उत्पन्न हुने भएकाले आर्थिक वर्षको शुरुवातमै स्रोत सुनिश्चता भएका योजनाहरुको कार्यान्वयन प्रक्रियालाई अगाडी बढाउने व्यवस्था मिलाईनेछ ।

२.१.१८. योजना तथा कार्यक्रममा सहभागी वडा तथा नगरका कर्मचारीहरुलाई क्षमता विकास तालिम सचालन गरिने छ ।

२.१.१९. उपभोक्ता समिति दर्ताको लागि आवश्यक कानुनी व्यवस्था गरिने छ ।

## २.२. सडक पुल तथा यायायात व्यवस्था सम्बन्धी नीतिहरु

२.२.१. नगरपालिकाको केन्द्र र सबै वडाको केन्द्रमा बाह्रैं महिना सवारी साधन सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरबृद्दिका लागि LISP को सहयोगमा नाला निर्माण, ढल निकास, Gabion Structure र Retaining wall को निर्माण कार्य भइरहेको र थप निर्माण कार्यको लागि विभिन्न विकास साझेदार संस्था एवम् संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ । साथै सडकको दायाँ बायाँ बृक्षारोपण गर्ने कार्यलाई अगाडी बढाई **"एक घर पाँच रुख"** को अबधारणा ल्याई बृक्षारोपण गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

२.२.२. संघीय सरकारको सहयोगमा पञ्चकोशी क्षेत्रमा सहज आवतजावतका लागि बाह्रै महिना संचालन हुने पञ्चकोशी चक्रपथ निर्माण र पैदल बाटो निर्माणका लागि आवश्यक पहल गरिनेछ।

२.२.३. दुल्लू नगरपालिकाको मौजूदा नगर सडक गुरुयोजनालाई अद्यावधिक गरिनेछ ।

२.२.४. दुल्लू नगरपालिका अन्तर्गत वडा नं १ र वडा नं ५ जोड्ने बिउडांडा डोक्रा, १ र ६ जोड्ने अत्तरगुंवा अरिङ्गाले जोड्ने र अन्य आवश्यक क्षेत्रमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी लागत साझेदारीमा निमार्ण कार्य अगाडी बढाइनेछ।

२.२.५. दुल्लू नगरपालिका वडा नं १० को नाभिस्थान, श्रीस्थान, वडा नं ६ को रेवती खोला तथा वडा नं ४ र वडा नं ९ लाई जोड्ने नेपागाड खोलामा पक्कीपुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२.२.६. भौगोलिक दुरीका कारण सेवा प्रबाहलाई सहज र छिटो छरितो बनाउन नागरिकहरुको सहज आवत जावतका लागि दुल्लू नगरपालिका क्षेत्रभित्र नगर वस सञ्चालनका लागि आगामी २ बर्षभित्र आबश्यक व्यवस्था गरिनेछ ।

२.२.७. श्रीस्थान सातखम्ब दुल्लू कीर्तिखम्ब हुदै पिपलघारी सडक, तल्लोडुङ्गेश्वर दुल्लू डाँडीमाडी सडक, माथिल्लो डुङ्गेश्वर बैक दुल्लू सडक, भजनियापोखरी धामीगाउँ प्यादुरा हुँदै पिपलघाडी सडक, तल्लोडुङ्गेश्वर लुजै छिउडी सडक, माथिल्लो डुङ्गेश्वर तोरयाँ गमौडी सडक, सिंयाला कृष्णकोट शान्तिवजार सडक, घियाँतिदु शान्तिवजार पिपलघाडी सडक, धुलेगल्ला काफलपानी शान्तीबजार जोडने सडक, कृष्णकोट नेपागाड पादुका सडक, श्रीस्थान ललाट कुमाले भुकाँ सडक, तल्लो डुङ्गेश्वर खातिगौडा हाडेआवत बैक सडक र श्रीस्थान सातखम्व सडक, सातखम्ब घियातिदु सडक, पटाङ्गिनी तल्लीपाउ पाली सडक, रिजुपोखरा चौतारा सडक, कयलकुना भुकाँ बैक सडक,खागितडा तोरायाँ बैक सडक, साहुवाडा मेहेलपानी हाडेचौर नाविस्थान सडकको स्तरोन्नतिका लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग पहल गर्नुका साथै सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड सघीय र प्रदेश सरकारका साथै स्वीकृत नगर सडक गुरुयोजनाले तोके अनुसार लागु गरिनेछ ।

२.२.८. दुल्लू नगरपालिकामा व्यवस्थित सभाहलको निर्माण गरिनेछ ।

२.२.९. दुल्लू नगरपालिका क्षेत्रभित्र बसपार्क निर्माण गरिनेछ ।

२.२.१०. शहिद पुर्ण स्मृति सामुदायिक अस्पतालको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२.२.११. जेष्ठ नागरिक मञ्चको भवन निर्माणमा आवश्यक सहयोग गरिनेछ।

२.२.१२. **"व्यवस्थित र चौडा सडक दुल्लू नगरबासीको रहर"** भन्ने मुल नाराका साथ सडक निर्माण गर्दा सडकले चर्चेको व्यक्तिगत हकभोगको जग्गा लगत कट्टाका लागी विभिन्न निकायको समन्वयमा आवश्यक प्रक्रियाको थालनी गरीनेछ ।

२.२.१३. स्थानीय पुर्वाधार सहयोग कार्यक्रमसँगको साझेदारीलाई निरन्तरता दिंदै आगामी आर्थिक वर्षमा साझेदारी वृद्धि गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ । साथै स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट अवलम्वन गरिएको नगरपालिकाबाट निर्माण सामाग्रीहरु उपलव्ध गराई जनसहभागिताबाट निर्माण कार्य गराउने मोडेललाई नगरपालिका अन्तरगतका योजनाहरुमा पनि क्रमश: अवलम्वन गर्दै स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गरिने छ।

## २.३. <u>जलश्रोत विद्यूत तथा स्वच्छ ऊर्जा सम्बन्धी नीतिहरु</u>

२.३.१. नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा दुल्लू नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईनेछ। संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा आगामी आर्थिक बर्ष भित्र नगरपालिकाका करीब ९२ प्रतिशत घरधुरी लाभान्वित हुनेगरी बिद्युतिकरण कार्य सम्पन्न गरिनेछ।

२.३.२. दुल्लू नगरपालिकाका मुख्य वजार क्षेत्रमा सडक सुरक्षा सहितलाई ध्यानमा राखि सिसिटिभि क्यामरा जडान गरिनेछ ।

२.३.३. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा स्वच्छ खानेपानी आपूर्ति, सिचाँई सुविधा विस्तारका साथै मुहान संरक्षणका लागि उचित प्रबन्ध मिलाईनेछ।

२.३.४. दुल्लू नगरपालिकामा निर्माणाधिन कर्णाली कोटाथला र लोहोरे मालिका लिफ्ट, डाव मुल्की लिफ्ट, रिमे सातखम्ब लिफ्ट, कानीकाचौर बिजौरा लिफ्ट, दुल्लू बृहत खानेपानी, वारतडी खानेपानी आयोजनाहरु सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक सहजीकरण गरिनेछ ।साथै खानेपानी आयोजनाले नसमेटेका बस्ती तथा वडाहरुमा समेत आयोजनाको क्षेत्र विस्तार गर्दै एक घर एक धाराको नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२.३.५. दुल्लू नगरपालिका वडा नम्बर ४ बारतडीमा बहुउपयोग हुनेगरी निर्माण हुने मानव निर्मित ताल निर्माण कार्य प्रारम्भ गर्न आवश्यक समन्वयन गरिनेछ ।

२.३.६. दुल्लू नगरपालिका क्षेत्रको खानेपानी सेवालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नको लागि खानेपानी व्यवस्थापन वोर्डको संस्थागत विकास र सुदृढिकरणमा विशेष ध्यान पुर्याइनेछ।

२.३.७. समावेशी र जलवायू उत्तथानशिल खानेपानी परियोजना बनाउन जोड दिइने र यस्ता किसिमका परियोजना बनाउन बहुसरोकारवाला विकास साझेदारहरु संग सहकार्य गर्ने नीति लिईनेछ ।

२.३.८. पालिकाले जलउपयोग गुरु योजना अनुसार प्राथमिकिकरणमा भएका विद्यमान सबै खाले खाने पानी, सिचाई तथा जलश्रोत संग

सम्बन्धित योजनाहरुको संचालन तथा व्यवस्थापकीय अवस्था अध्ययन गरि सबै समितिहरुलाई खानेपानी स्वच्छता ऐन बमोजिम दर्ता, अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई पालिका स्तरमा N-WASH Plan मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२.३.९. जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कानुनको निर्माण गरि सोही अनुसार जलाधार क्षेत्रको विकास तथा जैविक विभिधता संरक्षण गर्दै पानीका श्रोतहरुको संरक्षण तथा पुनरभरण अभियान संचालन गरिनेछ ।

२.३.१०. "प्रयोग गरौं खेर गईरहरेको पानी, करेसावारी प्रबर्द्धन गरि बढाऔं आम्दानी" भन्ने नारा तय गरि निजी धारा निर्माण भएका टोलमा एक घर, एक करेसा बारी र कृषि पाठशाला अभियान संचालन गर्ने नीति लिईनेछ ।

## २.४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीतिहरु।

२.४.१. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा सुचना प्रविधिमा आधारित सार्वजानिक सेवा तथा ज्ञानमा आधारित उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४.२. बिद्युतीय सेवालाई आवश्यक पर्ने सुचना प्रविधि पुर्वाधारहरुको विकास गरिनेछ ।

२.४.३. नगरपालिकाले गरेका विकास निर्माण र जनसरोकारका विषयवस्तुलाई सकारात्मक तथ्यगत आधारमा प्रकाशन गर्ने संचार माध्यमलाई प्रोत्साहन गरिनेछ ।

२.४.४. नगरपालिकाको वस्ति तथा शहरी ब्यपस्थापन र राजश्व प्राप्तिका लागि भौगोलिक सूचना प्रविधिमा आधारीत एकिकृत नगर सूचना प्रणाली विकास गरिने छ ।

२.४.५.डिजिटल डिस्प्ले बोर्ड जडान तथा ४० वटा बिद्यालयमा इन्टरनेट जडान र संचालनमा निरन्तर सहयोग गरिनेछ ।

२.५ <u>नाप नक्शा सम्बन्धी नीतिहरु :</u>

२.५.१ नगरपालिका अन्तर्गत प्रत्येक वडाहरुको सरकारी तथा सार्वजनिक जग्गाको तथ्यांक राख्ने व्यवस्था मिलाईनेछ ।

२.५.२ नगरपालिका अन्तर्गत सम्पूर्ण वडाहरुको Study area map निर्माण गरिनेछ ।

२.५.३ नगरपालिका अन्तर्गत मुख्य सडकहरुको Right of way निर्धारण गरि पिल्लर गाड्ने कार्यको व्यवस्था मिलाईनेछ ।

२.५.४ भू उपयोग नक्शा अध्यावधिकका लागि विभिन्न निकायको समन्वयमा आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।

२.५.५ नगरपालिका भित्रका सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड संघीय र प्रदेश सरकारका साथै स्विकृत नगर सडक गुरुयोजनाले तोके अनुशार लगत कट्टा गरि जग्गा खरिद बिक्रि प्रक्रियाको व्यवस्था मिलाइनेछ ।

३. <u>समाजिक विकास सम्बन्धी नीतिहरु:</u>

३.१. आयुर्वेद सम्बन्धी नीतिहरु:

३.१.१. नेपालको मालिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास गरिनेछ।

३.१.२. नगर जडिबुटी उद्यान निर्माणका लागी उपयुक्त स्थानको अध्ययन गरिने छ।

३.१.३. स्वस्थकर आहार विहार र स्थानीय स्तरमा पाइने जडिबुटीको प्रयोगबाट नसर्ने रोगको व्यवस्थापनको लागि जनचेतनामूलक कार्यक्रम गरिने छ।

३.१.४. नियमित आयुर्वेद स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीको लागी अत्यावश्यक आयुर्वेद औषधीहरूको व्यवस्थापन गरिनेछ ।

३.१.५. मातृशिशु सुरक्षार्थ स्तनपायी हजार दिनका आमालाई दुग्ध बर्धक जडिबुटीजन्य औषधी वितरण मार्फत मातृशिशु मृत्युदर कम गरिने छ।

३.१.६. दुल्लू नगर पालिका १३ नं वडा विनायकमा सञ्चालन हुँदै आएको गाँउघर क्लिनिक कार्यक्रमलाई निरन्तरता दिइने छ।

३.१.७. पञ्चकर्म पुर्वकर्म सेवालाई आवश्यक सुधार गरी सेवा प्रवाह विस्तार गरिने छ ।

३.१.८. आयुर्वेद औषधालयको भवन निर्माणकालागि संघ र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिने छ।

३.१.९. दुल्लू नगरपालिका भित्रका पायल्स, फिसर, फिस्टुला जस्ता नसर्ने रोगका बिरामीहरुको उपचारका लागि निशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरिने छ।

३.१.१०. अगुवा कृषकहरुलाई जडिबुटी खेती सम्बन्धी तालिम सञ्चालन मार्फत जडीबुटी खेतीलाई प्रवर्द्धन गरी आय आर्जनमा जोडिनेछ।

३.१.११. ज्येष्ठ नागरिकसँग नगर प्रमुख कार्यक्रम मार्फत ७० बर्ष माथिका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य रक्षा गर्नका लागि स्वास्थ्य

परिक्षण गरी आयुर्वेद रसायन औषधि र तुलसी चिया वितरणका साथै ज्येष्ठ नागरिकसँग नगर प्रमुख सहित भेटघाट कार्यक्रम संचालन गरिने छ।

३.१.१२. स्तनपायी आमासँग नगर उपप्रमुख कार्यक्रम सञ्चालन गरि प्रसुति भएको ६ महिना भित्रका आमा र बच्चाको स्वास्थ्य रक्षा र पोषण स्थितिमा सुधार ल्याउन आमालाई दुग्ध वर्धक आयुर्वेद औषधी र मालिस गर्ने तेलका साथै बच्चालाई पोषकयुक्त आयुर्वेद औषधी वितरणका साथै स्तनपायी आमासँग उपप्रमुख सहित भेटघाट कार्यक्रम संचालन गरिने छ।

३.२. **<u>शिक्षा युवा तथा खेलकुदः</u>**

३.२.१. दुल्लू नगरपालिकाको शैक्षिक क्रियाकलापलाई प्रभावकारी बनाउन प्रत्येक महिना घुम्ति प्रधानाध्यापक बैठक सन्चालन गरिने छ।

३.२.२. स्थानीय पाठ्यक्रम **<u>हाम्रो संस्कृति हाम्रो परम्परा</u>** कार्यान्वयनका लागि पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा वितरण गरिनेछ ।

३.२.३. समावेशी शिक्षा एवं बालमैत्री विद्यालय निर्माण गर्नका लागि पहल गरिने छ ।

३.२.४. शिक्षकको पेशागत विकासमा सहयोग पुग्ने विषयगत रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.५. कक्षा ५ र ११ को परीक्षालाई व्यवस्थित गर्नका लागि विषयगत विज्ञ मार्फत प्रश्न पत्र बनाइनेछ ।

३.२.६. आधारभुत तह उत्तिण परिक्षा (कक्षा ८) को परिक्षाको स्तरियता, प्रमाणीकरण र एकरुपता कायम हुने गरी संचालन व्यवस्थापन गरिनेछ।

३.२.७. शैक्षिक संस्थाहरूको नियमित अनुगमन निरिक्षण, सुपरिवेक्षण गरी विद्यार्थीको सिकाइ उपलब्धी वृद्धिमा सहयोग गरिनेछ ।

३.२.८. सामुदायिक सिकाई केन्द्रका परिचालक, बालविकास केन्द्रका सहजकर्ता बिद्यालय सहायक कर्मचारी, प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समितिका पदाधिकारहरुको पेशागत क्षमता नेतृत्व सीप तथा व्यवस्थापकिय क्षमता अभिबृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ।

३.२.९. विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ । साथै विद्यालय समायोजन तथा व्यवस्थापन गरिनेछ ।

३.२.१०. नगरपालिका भित्र रहेका विद्यालयहरूबाट SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई प्रोत्साहन गरिनेछ ।

३.२.११. आधारभूत तह सञ्चालित १५ वटा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिनेछ ।

३.२.१२. सामुदायिक विद्यालयमा विद्युतीय सेवा र इन्टरनेट सेवाको पहुँच क्षमता अभिवृद्धि गरिनेछ ।

३.२.१३. प्रत्येक वर्ष उत्कृष्ट तहगत प्रधानाध्यापक र विषयगत शिक्षक छनौट गरी सम्मान गरिनेछ।

३.२.१४. विद्यालयमा नियमित रूपमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

३.२.१५.	शिक्षक तथा विद्यार्थीहरुको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलापहरूको सञ्चालन गरिनेछ ।

३.२.१६.	प्रारम्भिक कक्षामा भाषिक तथा गणितीय सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.१७.	सँस्कृत शिक्षाको स्तरीकरणका लागि पञ्चकोशी वेद विद्याश्रमलाई थप व्यवस्थित गर्दै नेपाल सँस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

३.२.१८.	प्रारम्भिक बाल विकास सहजकर्ता नभएका विद्यालयहरूमा बाल विकास सहजकर्ताहरूको व्यवस्था गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

३.२.१९.	शिक्षण सिकाइ सहजीकरणका लागि सेवा निवृत्त शिक्षक वा सेवा निवृत्त शिक्षा सेवाका कर्मचारीहरूलाई परिचालन गरिनेछ ।

३.२.२०.	दुल्लू नगरवासीलाई स्वस्थ, सम्पन्न र सुखी बनाउन गर, सिक, रमाउ र कमाउ अभियान लाई बिस्तार गरिनेछ ।

३.२.२१.	पञ्चकोशी बहुप्राविधिक शिक्षालयका विद्यार्थीहरूलाई दुल्लू नगरपालिकाको योजनामा संलग्न गरी योजनाका कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

३.२.२२.	**<u>एक विद्यार्थी एक बिरूवा हुर्काउन</u>** लगाई उक्त कार्यलाई विद्यार्थीको नतिजासँग जोडिनेछ।

३.२.२३.	नगरपालिकाबाट विद्यार्थी मूल्याङ्कन गरी शिक्षकको कार्यसम्पादनमा जोडिनेछ ।

३.२.२४. शिक्षकको पेसागत सहयोगका लागि स्रोत व्यक्तिको व्यावस्था गर्न पहल गरिनेछ ।

३.२.२५. विद्यालयमा शिक्षकको नियमितता गर्नका लागि लगबुकको व्यवस्था गरिनेछ ।

३.२.२६. प्रत्येक विद्यार्थीहरुको पोर्टफोलियो तयार गर्न लगाइनेछ ।

३.२.२७. शिक्षण सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउनका लागि शिक्षकहरूलाई पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग गर्नका लागि प्रोत्साहन गरिनेछ ।

३.२.२८. प्रारम्भिक कक्षामा भाषिक तथा गणितीय सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.२९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पतिको अभिलेख राखी संरक्षण र व्यवस्थापन गरिनेछ साथै गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति तथा जनशक्तिको उचित व्यवस्थापन गरिनेछ ।

३.२.३०. वडा शिक्षा समितिको पदाधिकारीहरूलाई क्षमता विकास कार्यक्रममा सहभागि गराइनेछ।

३.२.३१. गुणस्तरिय, अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता गर्नका लागि नेपाली माध्यममा शिक्षण सिकाईमा सहजिकरण बिद्यालयहरुलाई प्रोत्साहन गर्दै गरिब, द्वन्द पिडित, सहिदका सन्तती, दलित समुदायका बिद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ।

३.२.३२. प्रत्येक वडामा पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

३.२.३३. स्थानीय स्तरको शैक्षिक ज्ञान प्रवर्द्धन र सीप प्रविधिको संरक्षण तथा स्तरिकरण गरिनेछ।

३.२.३४. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम राख्न लेखा व्यवस्थापन तालिम र आन्तरिक लेखा परिक्षणको व्यवस्था मिलाईनेछ।

३.२.३५. प्राकृतिक प्रकोप तथा विपदबाट विद्यालयमा हुने क्षतिलाई तत्काल सम्बोधन गर्नका लागि विद्यालय विपद कोष स्थापना गरिनेछ।

३.२.३६. विद्यालयमा सूचना प्रविधिको पहुँच पुऱ्याउनका लागि विद्यालयलाई क्रमिक रूपमा विद्युतको पहुँचमा पुऱ्याइनेछ । नगर भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक तथ्याङ्क संकलनमा एकरूपता कायम गरी सुव्यवस्थित गर्नका लागि प्रयोगमा ल्याइनेछ ।

३.२.३७. उद्यमशील शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र परम्परागत शिक्षाको विकासका लागि योजना तर्जुमा गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.२.३८. बिद्यालय कर्मचारी,का.स, बालविकास शिक्षक, सामुदायिक सिकाई केन्द्रका परिचालकहरुलाई नगरपालिकाको आन्तरिक श्रोतबाट थप प्रोत्साहनको ब्यवस्था गरिनेछ।

३.२.३९. बिद्यालयको गुणस्तर अभिबृद्धि गर्नका लागि बिद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता विकासका लागि नेतृत्व सीप तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

३.२.४०. नगरपालिकाको शैक्षिक वस्तुस्थितिलाई चुस्त दुरूस्त राख्नका लागि नेपाल सरकारले प्रयोगमा ल्याएको एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीको प्रयोगलाई सहज बनाउनका लागि तालिम सञ्चालन गरिनेछ ।

३.२.४१. बिद्यालय तहका परिक्षालाई प्रभावकारी, निष्पक्ष, विश्वसनिय र बैध बनाउनका लागि एकिकृत योजना निर्माण गरि लागु गरिनेछ।

३.२.४२. विद्यार्थीमा देखिने मानसिक स्वास्थ्य सम्बन्धी समस्यालाई निराकरण गर्नका लागि विद्यालयहरूमा मानसिक स्वस्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.४३. विद्यालय उमेर समूहका सबै बालबालिकालाई **विद्यालय झिकाउ, सिकाउ,** टिकाउ र बिकाउ लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि माध्यमिक शिक्षा पूरा गर्ने उपयुक्त शैक्षिक वातावरण मिलाइनेछ।

३.२.४४. **Skill up Friday** योजना अन्तर्गत बिद्यार्थीहरु लाई प्रत्येक हप्ताको शुक्रवार सीपमुलक, ब्यावाहारीक ज्ञान दिने व्यवस्था मिलाईनेछ।

३.२.४५. **Central scholarship portal** निजि बिद्यालयहरुले कानुन बमोजिम तोकिएको छात्रबृति सम्बन्धी मापदण्ड पुरा गरे नगरेको अनुगमन गर्न छात्रबृत्ति वितरणमा एकरुपता कायम गर्दै छात्रवृत्तिको दायरा फराकिलो बनाउन र छात्रवृत्ति वितरण लाई थप पारदर्शी, प्रभावकारी एवम् बैज्ञानिक बनाउन केन्द्रिय छात्रवृत्ति पोर्टल स्थापना गरिनेछ।

३.२.४६. स्थानीय पाठ्यक्रमलाई पूर्णता दिई कार्यान्वयनमा ल्याइनेछ।

३.२.४७. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय समायोजन तथा तह मिलानको व्यवस्था गरिनेछ।

३.२.४८. प्रत्येक सामुदायिक विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन गर्नका लागि स्थायी शिक्षकलाई कार्यसम्पादन करार गरी प्रधानाध्यापक व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

३.२.४९. शिक्षा युवा तथा खेलकुद शाखा एवं विषय विज्ञबाट नियमित रूपमा विद्यालय अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण कार्यलाई निरन्तरता दिईनेछ।

३.२.५०. बालबालिकाको मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापनका लागि त्रिपक्षीय (अभिभावक, शिक्षक, बिद्यार्थी) छलफलका कार्यक्रम गरिनेछ।

३.२.५१. दोणाचल क्याम्पसको भौतिक पुर्वाधारमा सुधार गरिने छ ।

३.२.५२. बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्यको वारेमा शिक्षक, अभिभावक, बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यहरुलाई अभिमुखिकरणको व्यवस्था मिलाईनेछ।

३.२.५३. बालबालिका आत्महत्या न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ र विद्यालयका पुराना भौतिक संरचनाहरू सुधारहरू गर्दै नयाँ संरचनाहरू सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिनेछ ।

३.२.५४. प्रत्येक विद्यालयमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्नका लागि ल्यापटप, प्रोजेक्टर, प्रिन्टरको व्यवस्था गर्ने नीति लिईनेछ।

३.२.५५. अपाङ्गता भएका तथा फरक क्षमता भएका बालबालिकाहरुका लागि विशेष कक्षा संचालन गर्ने नीति लिईनेछ।

३.२.५६. एक वडा एक नमूना विद्यालयको नीति लिइनेछ।

३.२.५७. प्ारम्भिक कक्षालाई बालमैत्री, सिकाइ मैत्री बनाउने नीति लिइनेछ।

३.२.५८. दुल्लू नगरपालिकाको शैक्षिक क्षेत्रलाई व्यवस्थित गर्नका लागि नगर शिक्षा योजना बनाइनेछ।

३.२.५९. बिद्यालयलाई भौतिक रुपमा व्यवस्थित गर्न क्रमशः १-१२ संचालित बिद्यालयहरुमा आवश्यकताको आधारमा ठुला भवनहरु निर्माण कार्य प्रारम्भ गरिने छ ।

३.२.६०. प्रत्येक वडामा युवा क्लब गठन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

३.२.६१. युवाहरूमा सकारात्मक अभिवृत्ति विकासका लागि युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.६२. दुल्लू युवा प्रोफाइल तयार गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी समाज रूपान्तरणमा युवा परिचालन गरिनेछ ।

३.२.६३. राष्ट्रिय युवा नीति, २०७२ को भावना अनुरुप युवा विकासका लागि दुल्लू नगरपालिकाको युवा नीति तयार गरिनेछ ।

३.२.६४. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुल भन्ने भनाइलाई आत्मसाथ गरी दुल्लू नगरपालिका भित्र संचालित आधारभूत तथा माध्यामिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका विभिन्न विधाका खेलकुदको आयोजना गरिनेछ ।

३.२.६५. प्रत्येक वडामा खेलमैदान बनाउने नीति लिइनेछ ।

३.२.६६. नगरस्तरीय खेलकुद समिति बनाई खेलकुदलाई व्यवस्थित गरिनेछ ।

३.२.६७. प्रत्येक वडामा बालउद्यान बनाउने नीति लिनइनेछ ।

३.२.६८. राष्ट्रपति रनिङ शिल्ड प्रयोयोगिता/मेयर कप रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरी विद्यार्थीको प्रतिभा प्रस्फुटन गरिनेछ ।

३.२.६९. खेलकुद क्षेत्रको विकस गर्नका लागि पालिका स्तरिय खेलकुद ग्रामको स्थापना गरिनेछ।

३.२.७०. विद्यालयलाई क्रमिक रूपमा खेकुद सामग्री वितरण गरिनेछ।

३.२.७१. नगरपालिकामा खेलकुद व्यवस्थित गर्न कभर्डहल स्थापना गरिनेछ ।

३.२.७२. नगरपालिकाको उपर्युक्त स्थानमा खेलकुद आरोग्य स्थान तोकिनेछ।

## ३.३. <u>आधारभुत स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीतिहरु:</u>

३.३.१. मुटु रोग, क्यान्सर, मधुमेह र दिर्घ श्वासप्रश्वास प्रणाली सम्बन्धि समस्याबाट हुने विरामी दर र मृत्यू दरमा कमी ल्याउन शीघ्र निदान परिक्षण उपचार र जनचेतनामूलक कार्यक्रम कार्यन्वयन गरिने छ ।

३.३.२. एच. आई. भि. एड्स, टि भि मलेरिया कुष्ठरोग डेङ्गु र पानिजन्य रोग नियन्त्रण र रोकथामका लागि स्थानिय स्रोत परिचालनका माध्यामबाट जनचेतनामूलक क्रियाकलाप परिक्षण तथा उपचारको ब्यवस्था सबै स्वास्थ्य संस्थाहरुबाट मिलाईने छ ।

३.३.३. सुरक्षित मातृत्व सेवालाई थप व्यवस्थित गर्नका लागि ४ वटा आधाभूत स्वास्थ्य केन्द्रबाट सेवा सुचारु गर्नका लागि र दुल्लू अस्पतालमा सि एस सहितको सुरक्षित प्रसुति सेवा गुणस्तरिय प्रवाहका लागि पहल गरिनेछ ।

३.३.४. दुल्लू अस्पतालबाट सुत्केरी हुन अगाबै र सुत्केरी भए पश्चात कुनै जटिलता देखीएमा दुल्लू अस्पतालबाट चिकित्सकले रिफर गरेमा जुनसुकै अस्पतालमा जानेआउने निशुल्क एम्वुलेन्स सेवा लाई निरन्तरता दिईनेछ ।

३.३.५. HIV संक्रमित ब्यक्ति लाई थप सुरक्षित तथा मर्यादित जिवनका लागि आवश्यक सहयोग गरिनेछ।

३.३.६. मानसिक समस्याबाट हुने विरामी दर आत्महत्या दरमा कमी ल्याउनका लागि मानसिक स्वास्थ्य शिक्षा समस्या पहिचान र उपचारको ब्यवस्था स्वास्थ्य चौकीहरुमा विस्तार गरिने छ ।

३.३.७. गुणस्तरिय परिवार नियोजन, पोषण, खोप लगाएतका सेवालाई थप ब्यवस्थित गुणस्तरिय र सेवाग्राहीमूखी बनाई गर्भका कारणले हुने

जटिलता कम गरि मातृत्व तथा नवजात शिशु र बालवालिकामा हुने विरामी दर र मृत्यू दरमा कमी ल्याईने छ।

३.३.८. यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा ईलेक्ट्रोनिक हाजिरी ब्यवस्था मिलाईनेछ।

३.३.९. दुल्लू अस्पतालमा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि पोषण पुर्नस्थापना केन्द्र, एच अई भि उपचारका लागि ए. आर.टि. कर्नर र बलात्कार हिंसाद्वारा पिडितहरुका लागि ओ.सि.एम.सि सेवा विस्तार गर्न पहल गरिने छ ।

३.३.१०. यस नगरपालिकाबाट संचालन गरिने नियमित खोप र गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुका लागि फिल्ड गएवापतको फिल्ड भत्ता उपलब्ध गराउनका लागि पहल गरिनेछ।

३.३.११. नेपाल सरकारको मापदण्ड अनुसार नभएका स्वास्थ्य संस्थाका भौतिक संरचनाहरु निर्माणका लागि पहल गरिने छ।

३.३.१२. मादक पदार्थ, सुर्तिजन्य पदार्थ र लागू पदार्थ दुर्ब्यशनको प्रभावले मानव स्वास्थ्यमा पर्ने असर न्यूनिकरण गर्नका लागि स्वच्छ जिवन शैली अपनाउन सामाजिक ब्यवहार परिवर्तन कार्यक्रम कार्यन्वयनका साथै सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन २०७८ को पूर्ण कार्यन्वयन गरिने छ ।

३.३.१३. गुणस्तरिय परिवार नियोजन सेवाको सुनिश्चतता र सेवा प्रवाह गरि परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ताको दरमा बृद्धि गरिने छ साथै निजि क्लिनिकबाट प्रदान गरिने परिवार नियोजन सेवालाई

गुणस्तरिय र नतिजामुखी बनाउने कार्यमा आवश्यक सहजिकरण गरिने छ ।

३.३.१४. स्वास्थ्य सूचकहरुलाई नतिजामूखी बनाउनका लागि सर्वपक्षिय समन्वय गरि स्वास्थ्य सेवा प्रवाह ब्यवस्थित गरिने छ ।

३.३.१५. यस नगरपालिकाबाट जारी स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका २०७९ को ब्यवस्थापन बमोजिम नगरपालिका अन्तर्गत रहेका निजि क्लिनिक, अस्पताल, पोलिक्लिनिक र प्रयोशालाको नविकरण, दर्ता, अनुगमन तथा नियमन गरिने छ ।

३.३.१६. बिभिन्न विपद् जन्य घटनावाट मृत्यू हुने शव व्यवस्थापनका लागी सव वाहानको व्यवस्था गरिनेछ।

३.३.१७. असुरक्षित गर्भपतनबाट स्वास्थ्यमा पर्ने नकरात्मक असरहरु कम गरि सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउनका लागि कार्यक्रम कार्यन्वयन गरिने छ ।

३.३.१८. स्वास्थ्य विमा कार्यक्रममा सबै नागरिक र नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई जोड्नका लागि आवश्यक कार्यक्रम कार्यन्वयन गरिने छ ।

३.३.१९.गर्भ अवस्थामा हुने जटिलतालाई समयमै पत्ता लगाई सुरक्षित मातृत्व र नवजात शिशुहरुको स्वास्थ्यमा प्रबर्द्धन गर्नका लागि गर्भवति महिलाहरुका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप विस्तार गरि लागु गरिने छ ।

३.३.२०. खाद्य बस्तुमा हुने मिसावट गुणस्तरहिन खाद्य बस्तुका कारणले हुने शारिरीक असर कम गर्नका लागि नियमित रुपमा बजार अनुगमनलाई कार्यन्वयन गरिने छ ।

३.३.२१. महिलाहरुको पाठेघरको क्यान्सर, स्तन क्यान्सरको शीघ्र पहिचान गरि समयमै उपचार गरि उक्त स्वास्थ्य समस्याबाट हुने मृत्यूदरमा न्यूनिकरण गरिने छ ।

३.३.२२. खेलकुद तथा योगका माध्यामबाट स्वच्छ जिवनशैली अपनाउनका लागि आबश्यक कार्यक्रम कार्यन्वयन गरिने छ ।

३.३.२३. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले समूदायमा गर्नुभएको कार्यको मूल्याङ्कन गर्दै प्रोत्साहन गरिने छ ।

३.३.२४. स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड पूरा गर्नका लागि स्वास्थ्य संस्थामा आवश्यकता अनुसार औजार उपकरण तथा औषधी र कर्मचारी क्षमता विकास गरिने छ ।

३.३.२५. परिवार नियोजन सेवालाई थप गुणस्तरिय बनाउनका लागि स्वास्थ्य चौकीहरुमा आई.यू.सि.डि र ईम्प्लान्ट सेवा विस्तार गरिने छ।

३.३.२६. एकिकृत स्वास्थ्य सूचना व्यबस्थापन प्रणालीको प्रभावकारीता वृद्धि गरिनेछ ।

३.३.२७. मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च रकम उपलब्ध गराउने कार्यबिधि, २०७८ को व्यवस्था अनुसार औषधी उपचार खर्चलाई निरन्तरता दिइनेछ ।

३.३.२८. स्वास्थ्य सेवा प्रदायकहरुको मनोवल उच्च राख्नका लागि कार्य सम्पादनका आधारमा पृष्ठपोषण दण्ड तथा पुरस्कारको ब्यवस्था गरि स्वास्थ्यकर्मीहरुको क्षमता विकास र मनोवल बृद्धि गर्न सहयोग गरिने छ।

३.३.२९. दुल्लू अस्पतालमा ब्लड बैङ्क स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

३.३.३०. सुत्केरी आमालाई प्रदान गरिने यातायात रकम र प्रदेश पोषण कोशेली रकम वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३.३.३१. स्वास्थ्य सेवालाई थप ब्यवस्थित र नतिजामुखी बनाउन एकिकृत अनुगमन तथा सुपरिबेक्षण निर्देशिकालाई कार्यन्वयन गरि नियमित रुपमा स्वास्थ्य सेवा प्रवाहलाई थप ब्यबस्थित बनाईने छ।

३.३.३२. यस नगरपालिकाको स्वास्थ्य चौकी गमौडी र मालिकामा एम्वुलेन्स खरिदका लागि प्रक्रिया अगाडि बढाईने छ ।

३.३.३३. १० वटा स्वास्थ्य संस्थाबाट सुत्केरी पश्चात सुत्केरी र नवजात शिशुमा हुन सक्ने जटिलतालाई मध्येनजर गर्दै ३ पटक घरभेट स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३.३.३४. किशोरीहरुलाई आईरनको कमीबाट हुन सक्ने रोगका विरुद्द लड्ने क्षमता अभिबृद्धि गर्नका लागि विद्यालय स्तरमा आईरन वितरण गरिने छ ।

३.३.३५. प्रसुति केन्द्रमा प्रसुति र प्रसुति कुरूवाका लागि गास बासको व्यवस्थाका लागि पहल गरिनेछ।

३.३.३६. समुदाय स्तरमा सचेतना तथा स्वास्थ्य प्रवर्दन क्रियाकलापमा संलग्न महिला सामुदायिक स्वयंसेविका मार्फत सेवाग्राहीलाई गुणस्तरिय सेवा प्रवाह गर्न परिचालन गरिने छ।

३.३.३७. आपूर्ति व्यबस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि सम्पूर्ण स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास गरिने छ।

३.३.३८. आमाको दुध प्रतिश्थापन गर्ने बस्तु विक्री वितरण गर्ने ऐन २०४९ र आमाको दुध प्रतिस्थापन गर्ने बस्तु विक्री वितरण नियमावली, २०५१ को प्रभाबकारी भए नभएको अनुगमन तथा नियमन गरिने छ ।

३.३.३९. दुल्लू अस्पताल भवन निर्माण, गमौडी स्वास्थ्य चौकी, कालभैरव स्वास्थ्य चौकी, भवन निर्माण गरिने छ । क्रमशः अन्य स्वास्थ्य संस्थाहरुको भौतिक स्तर उन्नति गर्ने नीति लिईनेछ ।

३.३.४०. लागुऔषध रोकथाम तथा नियन्त्रणका लागि लागुऔषध नियन्त्रणका लागि कार्य गर्ने साझेदार संघ संस्थाहरुसंग साझेदारी गर्दै लागुऔषध पुर्ण रुपमा नियन्त्रण गर्ने नीति लिईनेछ।

३.३.४१. रेबिज बिरुद्ध खोपको खरिद तथा उपर्युक्त भणडारणको व्यवस्था मिलाईनेछ।

## ३.४. सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीतिहरु

३.४.१. सामाजिम सुरक्षा भत्ता विवरण कार्य सहज र पहुँच योग्य बनाउन भुक्तानी शिविर संचालन गरि भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ।

३.४.२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको दोहोरोपन हटाउन र पहुँच योग्य बनाउन वायोमेट्रिक भेरिफिकेसन मार्फत सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने व्यवस्था गरिनेछ।

३.४.३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यको पारदर्शीता अभिवृद्धि अनियमितता नियन्त्रण गर्न सार्वजनिक सुनुवाईलाई वडास्तरमा नियमित गर्न सहजीकरण गरिनेछ ।

३.४.४. नेपाल सरकारले तोकेका वर्ग र क्षेत्रका पाँचबर्ष उमेर ननाघेका बालबालिकाहरुलाई प्रदान गर्दै आइरहेको बालपोषण भत्ताको उचित हेरचाह स्याहार र लगानीमा सहयोग पुगाउनको लागि अभिभावक सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

३.४.५. व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकता बारे वडा स्तरमा विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.४.६. व्यक्तिगत घटना दर्तालाई वडा स्तरबाटै अनलाइन विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था थप प्रभावकारी बनाइनेछ ।

३.४.७. व्यक्तिगत घटना दर्ताको एकिकृत विवरण तयार गर्नका लागी बाकी रहेका पुराना घटना दर्ता कितावमा रहेका सम्पुर्ण विवरण डिजिटाइजेशन कार्य सम्पन्न गरिनेछ ।

लैङ्गिक समानता तथा समाजिक समाबेसिकरण नीति

३.४.८. बाल अधिकारको संरक्षण तथा प्रवर्दनका लागि जोखिममा परेका बालबालिकालाई आपतकालिन उद्धारका लागि बाल उद्धार कोषको व्यवस्था गरिने छ।

३.४.९. अपाङ्गता परिचयपत्र वितरणलाई न्यायोचित बनाउनका लागि विगतमा जिल्लाबाट वितरण भएका अपाङ्गता परिचयपत्रलाई संसोधन तथा नविकरणको व्यवस्था गरिनेछ।

३.४.१०. दलित समुदायको विस्तृत प्रोफाइल तयार गरिनेछ।

३.४.११. विभिन्न लक्षित वर्गहरु दलित, जनजाती, महिला, अपाङ्ग, विपन्न समुदायका लागि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरु संचालन गरिनेछ।

३.४.१२. अपाङ्गता भएका, बेसाहारा र विपन्न बालबालिकाहरुलाई छात्रवासमा राखि शिक्षा दिने व्यबस्था मिलाईनेछ।

३.४.१३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण र लैङ्गिक उत्तरदायी बजेट विश्लेषणलाई निरन्तरता दिईनेछ।

३.४.१४. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्य तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखिने छ

३.४.१५. महिला विकास कार्यक्रम द्धारा संचालित महिला सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

३.४.१६. बालमैत्री स्थानीय शासनको लागि आवश्यक सूचक मापदण्डहरु पुरा गर्नका लागि विभिन्न क्रियाकलाप संचालन गरिनेछ।

३.४.१७. बालविवाह अन्त्यका लागि दुल्लू नगरपालिकाबाट जारि भएको बालविवाह विरुद्दको पञ्चवर्षिय रणनीतिक योजनामा उल्लेखित क्रियाकलाप संचालन गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।

३.४.१८. लैङ्गिक हिंसा बाट प्रभावित व्यक्तिहरुलाई संरक्षणका लागि सुरक्षित आवास तथा मनोपरामर्श सेवालाई थप व्यवस्थित र प्रभावकारी तुल्याईने छ ।

३.४.१९. महिला , बालबालिका ,अपाङ्गता भएका व्यक्ती ,ज्येष्ठ नागरिकहरु तथा जोखिममा परेका नागरिकहरुको हक अधिकारको संरक्षणका लागि संघ तथा प्रदेशद्धारा अवलम्वन गरीएका नीतिहरुको स्थानीयकरण गरी आवश्यकता र स्रोत साधनले धान्न सक्ने गरी बार्षिक रुपमा विविध कार्यक्रहहरु संचालन गरिने छ ।

## ३.५. बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धी नीतिहरु

**३.५.१.** परम्परागत खाद्य बस्तुमा आधारित पोषणयूक्त आहारहरुको तयारी सुचना स्थानीय रेडियो तथा होडिङ् वोर्ड मार्फत सम्प्रेषण गरिनेछ ।

**३.५.२.** वालपोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिनेछ।

**३.५.३.** प्रत्येक वडा कार्यालय र स्वास्थ्थ संस्थामा पोषण कर्नरको स्थापना गरिनेछ।

**३.५.४.** पोषणयूक्त रैथाने खाद्यबस्तु र परिकार प्रर्दशन गर्ने र उत्कृष्ट समूह सहकारीलाई पुरष्कार दिने व्यवस्था मिलाईनेछ।

३.५.५. पोषणमैत्री टोल र वडा निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

३.५.६. अभिभावक र शिक्षकसंग पोषण सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरुलाइ आइरन चक्की र जुकाको औषधि खुवाउने ब्यवस्था मिलाइनेछ।

३.५.७. घरबाट निस्कने फोहोरपानीको उचित सदुपयोग गर्नाका लागि करेशाबारी निर्माणमा जोड तथा अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ।

३.५.८. जलबायूमैत्री कृषि र जैविक विषादी र प्राङ्गारिक मल निर्माण गर्न कृषि तालिम तथा प्रविधि हस्तान्तरण गर्ने व्यबस्था मिलाइनेछ ।

३.५.९. रैथाने बाली प्रर्वदनका लागि अभिमुखिकरण तथा करेशाबारी निर्माण तालिम र तरकारी उत्पादन कृषि सामग्री र वीउ वितरण गरिनेछ ।

३.५.१०. ब्यवस्थित पशुपंन्छी पालन तथा दुध जन्य पदार्थको प्रयोग सम्बन्धित अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

३.५.११. विपन्न परिवारका आमाहरुलाई महिला समूह सहकारी मार्फत आयआर्जन कार्यक्रम संचालन गरिनेछ।

३.५.१२. पोषण सुधारका लागि पोषण प्रर्वद्धन कार्यक्रम सचालन गरिनेछ ।

३.५.१३. हरेक स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्थ चौकी र कुपोषित वालवालिकाहरुका लागि ओटिसि सेन्टर विस्तार गरिनेछ ।

३.५.१४. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पोषण युक्त टोल र वडा घोषणा गर्न आगामी ३ वर्ष भित्रमा यस नगरपालिकालाइ पोषण मैत्री नगरपालिका घोषणा गरिने छ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी नीतिहरु

४.१ हरित, लचिलो र समावेशी विकास (GRID) लाइ मुलप्रवाहीकरण गर्दै वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ। साथै, प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु जस्तै वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

४.२ भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरु संगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ। साथै, दुल्लू नगरपालिकाका वडा नम्वर १, ३, ४, ५, ६, १२ र १३ मा पहिरोको उच्च जोखिममा रहेका वस्तिहरुलाइ जोगाउन पहिरो नियन्त्रणको कार्यलाइ अगाडी वढाइनेछ।

४.३ एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ। साथै, नगरपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४.४ विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ।

४.५ संघ, प्रदेश र छिमेकी स्थानीय सरकारहरुसँगको समन्वय र सहकार्यमा दुल्लू नगरपालिका वडा नं ८ को थापाथलीमा फोहोमैला प्रसोधन केन्द्र स्थापना निर्माण र टिट्मेन्ट प्लानको निर्माण गरी फोहोरमैला ब्यवस्थापनमा नमुना पालिकाको रुपमा स्थापित गर्दै

“दुल्लूको मान, पूर्ण सरसफाई हाम्रो अभियान” भन्ने नारालाइ सार्थक वनाइनेछ।

४.६ विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिएको छ । उक्त समुहलाई विपदमा उद्दार गर्न आवश्यक सामाग्री समेत उपलब्ध गराउनुका साथै विपतमा परेका व्यक्तिहरुलाई तत्कालिन र अल्पकालिन ब्यवस्थापन गर्नको लागि यस आर्थिक वर्षमा पनि विपद ब्यवस्थापन कोषलाइ निरन्तरता दिइनेछ ।

४.७ नगरपालिकामा गठन भएका बिपद् व्यवस्थापन समितिहरु, नीजि शैक्षिक सस्थाहरु र समुह समितिहरुको विपद् जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भाबी दिनमा गर्नुपर्ने कार्यका बारेमा नगरपालिका स्तरमा नियमित छलफल गर्नुका साथै बिषयगत समितिहरुलाई जिम्मेवार बनाईनेछ ।

४.८ यस नगरपालिकाका १३ वटै वडाका विपद् ब्यवस्थापन समितिलाइ आपतकालिन उद्धारको तालिम दिइनेछ ।

४.९ वडाहरुमा प्रकोपका घटनाहरुको अभिलेखिकरण राख्ने ब्यवस्था मिलाउने ।

४.१० नगर स्तरिय र वडा स्तरिय समितिको नामावली र सम्पर्क नम्वर सहितको विवरण वडा र नगरमा राख्ने ब्यवस्था गरिनेछ ।

४.११ सवै सामुदायिक वनहरुलाइ नगरमा अभिलेखिकरणको ब्यवस्था गरिनेछ ।

४.१२ सामुदायिक वनका पदाधिकारिहरुलाइ तालिम र क्षमता विकास गरिनेछ ।

४.१३ वन संरक्षण र हरियालीमय वन वनाउने सामुदायिक वन र सरोकारवालालाइ पुरस्कार दिने तथा वन जंगलको विनास गर्ने लापरवाहि गर्ने सामुदायिक वनहरुलाइ कारवाहीको दायरामा ल्याउने नीति अवलम्वन गरिने छ ।

४.१४ नगर भित्रका खुला क्षेत्र र अतिजोखिम क्षेत्रको पहिचान गरी सोको विवरण अद्यावधिक गरिनेछ।

४.१५ पानीका मुहानहरुको संरक्षणमा जोड दिने र पहिरो जानवाट रोक्न उच्च सतर्कता अपनाउन वायोइन्जिनियरिङ्गको अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

४.१६ विपद् पोट्रलको अध्ववधिक र ब्यवस्थित गरी प्रयोगमा जोड दिइनेछ।

४.१७ रेडियो सेट प्रयोगमा ल्याउन रिपिटर टावर थप गरिनेछ ।

४.१८ विपदवाट वच्ने र वचाउने सन्देशमूलक तालिम र प्रदर्शनी गरिनेछ।

४.१९ कार्यालयहरुमा हरियाली वृद्धि गर्न र रमणीय वनाउन वोट विरुवा रोप्ने र उपयुक्त स्थानहरुमा गमला राख्ने ब्यवस्था मिलाईने छ ।

४.२० विजया साहित्यक पार्कमा वृक्षारोपण र कृषि क्याम्पस विनायकमा वोटानिक गार्डेन निर्माण गरिनेछ ।

४.२१ मुहान संरक्षणका लागि अनुसन्धान गरी रिचार्ज पोखरी, चेक ड्याम लगायतका कार्यलाई प्राथमिकता दिईनेछ

४.२२ जोखिम सम्वेदनशिल भूउपयोग रणनितिक योजनाले परिलक्षित गरेका अतिजोखिम स्थलहरुमा वायोइन्जिनियरिङ्ग सम्वन्धि कार्यक्रम

संचालन गरिनेछ। साथै ठूलो पहिरो नियन्त्रणका लागि विभिन्न सरकारी तथा विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

४.२३नगरपालिका कार्यालयमा टोल फ्रि नम्वर कायम गरि सचालनमा ल्याउने।

४.२४ विपद् ब्यवस्थापन, जलवायु परिवर्तन तथा जैविक विविधता सम्वन्धी ज्ञान स्थानीय पाठ्यक्रममा समावेश गरी सवै विध्यालयमा सो सम्वन्धी अभिमुखिकरण गरिनेछ।

४.२५ नगरपालिकामा घर निमार्ण कार्यलाइ दिगो भरपर्दो र गुणस्तरिय रुपमा गर्न दक्ष कामदार तयार गर्न डकर्मी तालिम सचालन गरिनेछ।

४.२६पानीका मुहान सरक्षण गर्न नगरका विभिन्न उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ।

४.२७ नगरपालिका भित्रका विभिन्न सामुदायिक वनहरुमा एग्रो फरेष्ट कार्यक्रम सचालन गरिनेछ।

४.२८ विपद् ब्यवस्थापन सँग सम्वन्धित सवै सरोकारवाला, समिति र कर्मचारीहरुलाइ विभिन्न क्षमता विकासका तालिमहरु प्रदान गरिने छ ।

४.२९ नगरका अति विपन्न समुदायको लागि आर्थिक उत्थानशिल कार्यक्रमहरु सचालन गरिनेछ।

४.३० विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा दुनपालाइ नमूना नगर वनाउन योजनावद्ध रुपमा कार्यक्रमहरु सचालन गरिनेछ ।

४.३१ एक विद्यार्थी एक फलफूल विरुवा रोपण र संरक्षण नीतिलाई अभियानको रुपमा कार्यान्वयनमा लगिने छ ।

४.३२ वडा तहमा विपद् प्रतिकार्य स्यमसेवक ब्यूरो गठन गरी क्षमता विकास गर्दै परिचालन गर्ने।

४.३३ विपद् पूर्व तयारी तथा प्रतिकार्यसग सम्वन्धित क्षेत्रगत समितिलाइ जिम्मेवार र क्षमतावान वनाइ विपद् कार्यमा परिचालन गर्ने ।

५. **सुशासन तथा संस्थागत विकास**

५.१ शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्यसञ्चालन प्रणाली एवम प्रक्रिया सरल, स्पस्ट र पारदर्शी बनाउन नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ।

५.२ नगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गर्दै संगठन तथा ब्यवस्थापन सर्वेक्षण **(O&M Survey)** गर्नुका साथै कर्मचारीहरुको कामको मुल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५.३ नगरपालिकाको क्षमता विकास योजना तयार गरि कार्यान्वयन गरिने छ।

५.४ नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वाच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपुर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसंग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

५.५ स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (**SuTRA**) को पुर्ण कार्यान्वयन मार्फत वित्तीय पार्दशिता, जवाफदेहिता तथा उत्तरदायित्वलाई संस्थागत गरिनेछ ।

५.६ सम्पुर्ण कारोवारलाई चेक रहित सेवाको रूपमा विकास गरिनुका साथै **E-Governance** को अवधारणा बमोजिम भुक्तानीसँगै लाभग्राही/उपभोक्ता समिति/निर्माण व्यवसायी/आपुर्तीकर्ताको मोबाइल नम्बरमा **Payment Massage** जाने व्यवस्था आगामी आर्थिक वर्ष भित्र गरिनेछ ।

५.७ शुन्य बेरुजु नगर बनाउने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ साथै आगामी आर्थिक वर्षमा सेवा परामर्श मार्फत फछ्यौंट विज्ञ नियुक्त गरी सो कार्यलाई थप व्यवस्थित बनाइनेछ।

५.८ एकिकृत सेवा प्रवाहको सिद्धान्त बमोजिम गत विगत झैं रित पुगी पेश भएका कागजात उपर **One day in-out Service** लाई निरन्तरता दिइनेछ ।

५.९ सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउन मितव्ययिता अपनाइनेछ, कार्यालय प्रकृति र जनशक्तिको आधारमा कार्यालय संचालन खर्च, घरभाडा, बिजुली, इन्धन, पानी बिजुली, संचार महशुल, कर्मचारी/पदाधिकारी भ्रमण खर्च, कार्यक्रम खर्च, पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन, खाजा नास्ता चिया खर्च जस्ता खर्चमा मितव्ययिता कायम गरी खर्च गरिनेछ ।

५.१० पालिकाको खरिद कार्यमा गुरुयोजना बनाउने, वार्षिक खरिद तथा खर्च योजना बनाउने, विवरण वा स्पेसिफिकेसन तय गर्ने, बोलपत्र वा दरभाउपत्र आह्वान गर्ने, प्रस्ताव मूल्यांकन गर्ने, छनौटको सूचना दिने,

सम्झौता गर्ने र कार्यान्वयन गर्ने जस्ता कार्यलाई व्यवस्थित गर्न सार्वजनिक खरिद शाखा स्थापना मार्फत खरिद व्यवस्थापनलाई संस्थागत गरिनेछ ।

५.११ नगरसभा, कार्यपालिका, वडा समिति, विभिन्न विषयगत नगरसभा अन्तर्गतका समिति, कार्यपालिका अन्तर्गतका समिति लगायतका अन्य समितिहरूको बैठक व्यवस्थापन, अभिलेखिकरण गर्नका लागि कम्प्युटरमा आधारित माइन्युट म्यानेजमेन्ट प्रणालीको परामर्श सेवाबाट खरिद गरी आगामी आर्थिक वर्ष भित्रमा कार्यान्वयनमा ल्याइनेछ ।

५.१२ नगरपालिकाको नाममा रहेका सरकारी सवारी साधन संचालन गर्दा व्यक्तिगत प्रयोग जस्तो नभई कार्यालयको कामको आधारमा प्रयोग हुने व्यवस्था मिलाईनेछ, प्रत्येक सवारी साधनको प्रत्येक आर्थिक वर्षमा सवारी लगबुकको किताब छपाई गरी एकीकृत रुपमा एक आ.व.एक सवारी लकबुक हुने, एक शाखा/एक वडा-एक सवारी साधन हुने गरी सवारी साधनको व्यवस्था मिलाइ सरकारी सवारी साधनमा हुने गलत प्रयोग माथि नियन्त्रण गरिनेछ ।

५.१३ सकेसम्म आर्थिक वर्षको बिच र अन्त्यमा(थप हुने र अनिवार्य दायित्वका बजेट तथा कार्यक्रम बाहेक) बजेटको रकमान्तर र बजेट संशोधन गरिने कार्यलाई निरुत्साहित गरिनेछ । तथ्यपरक, वास्तविक, आवश्यक बजेट प्रस्ताव गरी सभाबाट पारित बजेटलाई मात्र कार्यान्वयनको चरणमा लगिनेछ।

५.१४ स्थानीय तहको संस्थागत स्व-मुल्याङकन**(LISA)**, वित्तीय जोखिम मुल्याङकन**(FRA)**, कार्यसम्पादन सुचक लगायतका नगरपालिकाको कार्यसम्पादन प्रगति देखिने मुल्याङकनका कार्यक्रममा जिम्मेवारी

कर्मचारीलाई अग्रसर बनाउन आवश्यक बजेट व्यवस्थापन गरी थप प्रभावकारी गरिनेछ ।

५.१५ आगामी आर्थिक वर्षबाट वडा स्तर तथा मातहतका अन्य कार्यालयमा गरिने सम्पत्ति व्यवस्थापनलाई समेत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आवद्ध हुन पहल गरिनेछ।

५.१६ पुराना तथा प्रयोग हुन नसक्ने जिन्सी सामाग्रीहरुको प्रचलित कानून बमोजिम लिलाम विक्री गर्न आवश्यक प्रक्रिया अगाडि वढाईने छ ।

५.१७ सार्वजनिक रुपमा हुने खर्चलाई मितव्ययी बनाउन सो सँग सम्बन्धित कार्यविधि बनाइ यथाशक्य छिटो लागु गरिनेछ ।

५.१८ करको दायरालाइ विस्तार गर्न अनौपचारिक रूपमा सञ्चालनमा रहेका (कूल पुँजी १०,००,०००/ सम्म रहेका वाणिज्य तथा ३,००,०००/ सम्म रहेका लघु उद्योग) सम्पूर्ण ब्यवसायलाई दर्ता तथा नविकरण गरी नगरपालिकाबाट प्रवाह हुने सेवासँग आवद्ध गरिनेछ ।साथै नगरपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण उद्योग ब्यवसायलाई औपचारिक रूपमा दर्ता हुन आएमा प्रदेश कानून बमोजिम छुट तथा थप सुविधा प्रदान गर्न कर सङ्कलनका लागि घुम्ति शिविर सञ्चालन गरिनेछ।

५.१९ नगरपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतीशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजश्व चुहावट नियन्त्रण प्रभावकारी बनाइनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ती कर घोषणाको निती अवलम्वन गरिनेछ।

५.२० नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार भइ कार्यान्वयनमा रहेको र यसमा थप राजश्वका क्षेत्रहरू पहिचान गर्दै आगामी वर्ष देखि

राजश्व अभिवृद्धि गर्न सोही कार्ययोजनालाइ कार्यान्वयन गरी आन्तरिक राजश्व वृद्धि गर्न आवश्यक ऐन कानून र नियमावली बनाइनेछ ।

५.२१ कर तथा गैर कर सम्बन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाइ सुदृढीकरण गरिनेछ ।

५.२२ राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्तनकारी क्षेत्रको पहिचान गरिनेछ ।

५.२३ दुल्लू नगरपालिका सँग सिमाना जोडिएका अन्य स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी दुल्लू नगरपालिका भित्र रहेका विभिन्न नदी तथा घाटहरूबाट राजश्व अभिवृद्धिका लागि प्रचलित कानून बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गर्ने गराउने निती अवलम्वन गरिनेछ ।

५.२४ दुल्लू नगरपालिकाको कर राजश्व अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ ।

५.२५ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अन्तरगत थप भएको राजश्व व्यवस्थापन प्रणाली पूर्णरूपमा कार्यान्वयन गरिनेछ ।

५.२६ राजश्व प्रणाली अन्तरगत नागरिकले पालिकालाई बुझाउने करलाई व्यवस्थित बनाउन नेपाल सरकारले लागु गरेका QR राजश्व भुक्तानी प्रणाली र Online Revenue सङ्कलन प्रणालीलाई अनुसरण गर्दै सोलाई लागु गरिने

५.२७ नगरपालिकामा रहेको न्यायिक समिति ईजलासको थप व्यवस्थापन गरिनेछ।

५.२८ दुल्लू नगरपालिकाको न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि नगर प्रहरी नियुक्ति गर्ने प्रक्रियाको थालनी गरिनेछ।

५.२९ दुल्लू नगरपालिका न्यायिक समिति अन्तर्गतका मेलमिलापकर्ताको छनौट गरी तालिम प्रदान र मेलमिलाप केन्द्रहरुको सहित सेवा सुविधाको उचित व्यवस्थापन गरिनेछ ।

५.३० लैंगिक सामाजिक सांस्कृतिक रुपमा जनसहभागिता तथा समावेशी सिद्दान्त अनुरुप न्यायिक सेवा प्रवाहलाई व्यवस्थित पारदर्शी र जनमुखि बनाईनेछ।

५.३१ न्यायिक समितिका पदाधिकारी र कार्यरत कर्मचारीहरु र मेलमिलापकर्ताहरुको कानुनी क्षमता विकासका लागि तालिम व्यवस्था गरिनेछ।

५.३२ महिला, बालबालिका, अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुलाई विचाराधिन मुद्दाको तत्काल आवश्यक परे उद्दार कोषको व्यवस्था गरिनेछ।

५.३३ हालसम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना कार्यअनुभव सिकाई प्रयोग र समय सापेक्ष परिमार्जन एवं संसोधन गर्दै कार्य सम्पादन सहजता प्रदान गरिनेछ।

५.३४ प्रत्यक वडा कार्यालयमा तथा सामुदायिक बिद्यालयहरुमा तार सहितको ईन्टरनेट लाईन विस्तार गर्ने र बैकल्पिक रुपमा वायरलेस डिभाईस सहित इन्टरनेट सुबिधा पुर्याईने छ ।

५.३५ नागरिकलाई सहज सूचना प्रवाहका लागि डिजिटल नागरिक वडापत्रको ब्यवस्थापन गरिनेछ।

५.३६ विभिन्न खोजमुलक कार्य तथा डिजिटल तालिम कार्यक्रम संचालनका लागि डिजिटल लाईब्रेरी को स्थापना गरिनेछ ।

५.३७ संस्थागत स्व मुल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनका लागि उचित बजेट ब्यवस्थापन गरि कार्यन्वयन गरिनेछ ।

५.३८ नागरिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त बनाउनको लागि अनलाईन सिफारिस प्रणाली लाई अद्ययावधिक गरि पुर्ण रुपम कार्यान्वयन गरिने छ ।

५.३९ Data backup का लागि सूचना प्रविधि बिभागको सहयोग र समन्वयमा आफ्नै Data center को स्थापना गरिनेछ।

५.४० नगरपालिका भित्रका बिद्यालयका बालबालिकाहरुलाई सूचना प्रविधि शिक्षा प्रदान गर्नका लागि नगर भित्रका शिक्षण संस्थाहरुको विचमा सहकार्य Academic collaboration गरिनेछ ।

५.४१ पुर्ण ब्यवस्थित इन्टरनेटको लागि Bandwidth Control सहित इन्टरनेट सर्भरको ब्यवस्थापन गरिनेछ।

५.४२ Digital Divide को अत्य गर्नको लागि तोकिएको सार्वजनिक स्थलहरुमा Free wifi को ब्यवस्थापन गरिनेछ।

५.४३ पर्यटन सूचना केन्द्र लाई स्तरउन्नति गरि समग्र पर्यटनका सूचना प्रवाह गर्ने र सिकाई केन्द्र को रुपमा विकास गरिनेछ ।

५.४४ प्रत्येक वडामा यूवा सूचना केन्द्र स्थापना गरिनेछ ।

५.४५ विकास निर्माण तथा सामाजिक जागरणको तल्लो इकाईको रुपमा टोल विकास संस्था गठन गरि क्षमता विकास कार्यक्रम संचालन गरिने छ।

५.४६ नगरपालिकामा कार्यरत अस्थायी र करार कर्मचारीलाई प्रोत्साहित गर्नका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष, कर्मचारी संचय

कोष तथा नागरिक लगानी कोषमा जोडी सो सम्वन्धी सेवा सुविधा प्रदान गर्न पहल गरिने छ ।

५.४७ भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ।

५.४८ सामाजिक सुरक्षा भत्ताको वडा स्तरवाटै सहज वितरणको लागि सम्वन्धित निकायहरुसँग आवश्यक पहल गरिने छ ।

५.४९ दुल्लू नगरपालिकालाई कार्यक्षेत्र वनाई कार्यक्रम संचालन गरिरहेका विभिन्न विकास साझेदार निकायहरु तथा गैर सरकारी संघ संस्थाहरु स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, यूनिसेफ, यूएन वमन, UNDP, ILO, किर्डाक नेपाल, मोमेन्टम परियोजना ,पास नेपाल, वतास फाउन्डेसन, IPASS, अन्तरनिर्भर समाज, रुपान्तरण नेपाल, सम्बोधन परियोजना, EVSIF, तयार नेपाल, USAID, Save the Children, GIZ, Helvetas Nepal, CMC Nepal, ICT4D परीयोजना, कर्णाली जल परियोजना, वन हर्ट वर्ल्डवाईज, स्वास्थ्यका लागि सक्षम प्रणाली, वास नेपाल, अपाङ्गता सशक्तिकरण केन्द्र, पावर ४ परीयोजना, आवाज संस्था, निक साइमन, सोसेक नेपाल, *सेवक दैलेख, एभरेष्ट क्लव दैलेख* को सहकार्यलाई आगामी वर्षमा पनि निरन्तरता प्रदान गरिनुका साथै नयाँ विकास साझेदारहरु भित्र्याउनको लागि आवश्यक समन्वय गरिने छ ।

५.५० यस नगरपालिकाका विभिन्न विषयगत शाखा अन्तरगत परिचालन हुनेगरी गठन भएका सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, कृषक समूह, सहकारी, टोल विकास संस्था, आमा समूह लगायतका समुदायमा आधारित संस्थाहरुलाई यस नगरपालिकामा दर्ता गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नुका साथै

संस्थाहरुको नगर स्तरीय सम्वन्धित विषयगत संजाल गठन गरी परिचलान गरिनेछ । विभिन्न संजालहरुको पनि साझा संजाल स्थापना गरी परिचालन गर्नको लागि आवश्यक कानूनी व्यवस्था गरिने छ ।

५.५१ नगरपालिका र वडा कार्यालयका कर्मचारीहरुलाई सूचना प्रविधिसँग परिचित भई समय सापेक्ष कार्यका लागि सूचना प्रविधि सम्वन्धी क्षमता विकास कार्यक्रम गरिनेछ ।

५.५२ नगरपालिकामा कार्यरत कर्मचारी शिक्षक, स्वास्थ्य कर्मी, स्वास्थ्य स्वयंमसेविका तथा संघ सस्थाको प्रतिनिधित्व हुने गरी राम्रो काम गर्नेलाई संस्थागत मुल्याङ्कनको आधारमा पुरस्कृत गर्ने कार्यको थालनी गरिनेछ।

५.५३ यस नगरपालिकाको वैकमा रहेको सेवा केन्द्रबाट कृषि तथा पशु सेवाको सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

५.५४ चालु आर्थिक वर्षमा सञ्चालनमा रहेको “**जनतासँग नगर प्रमुख कार्यक्रम**” र “**जनतासँग नगर उप प्रमुख कार्यक्रम**”लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरिने छ ।

५.५५ दुल्लू नगरपालिकामा रहेका संघीय सरकारका कार्यालयहरुका लागि जग्गा व्यवस्थापन गरि स्थायित्वका लागि आवश्यक पहल गरिने छ।

५.५६ दर्ता भएका व्यबसायलाई व्यवसाय बिमा कार्यक्रम र दर्ता अनुसारको कारोवार गर्ने नीति लिईनेछ।

५.५७ एक वडा एक हेलिप्याड विस्तार गरिनेछ।

५.५८ सूचनाको हकसम्बन्धी कानून अनुसार सार्वजनिक निकायको रुपमा पालिकाले प्रत्येक तीन/तीन महिनामा स्व-सक्रिय रुपमा खुलासा गर्नुपर्ने

संबैधानिक र कानूनी दायित्वलाई पुरा गर्न proactive disclosure guidelines निर्माण गरि कार्यान्वयन गरिनेछ ।

५.५९ एकिकृत सेवा प्रवाहमा, गुनासो दर्ता, सुनुवाई र निवारणलाई पनि प्रविधिगत रुपमा एकिकृत गर्ने र स्वचालित गुनासो व्यवस्थापन प्रणालीलाई संस्थागत गर्ने नीति लिईनेछ।

५.६० सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षणको अभ्यासलाई सम्बृद्ध बनाई शासन प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्न निर्देशिका बनाई लागु गरिनेछ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनवाट दुल्लू नगरपालिकाको समृद्धी र विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु ।

साथै, दुल्लू नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, यूनिसेफ, यूएन वमन, UNDP, ILO, किर्डाक नेपाल, मोमेन्टम परियोजना ,पास नेपाल, वतास फाउन्डेसन, IPASS, अन्तरनिर्भर समाज, रुपान्तरण नेपाल, सम्बोधन परियोजना, EVISF, तयार नेपाल, USAID, Save the Children, GIZ, Helvetas Nepal, CMC Nepal, ICT4D परीयोजना, कर्णाली जल परियोजना, वन हर्ट वर्ल्डवाईज, सुआहारा, स्वास्थ्यका लागि सक्षम प्रणाली, वास नेपाल, अपाङ्गता सशक्तिकरण केन्द्र, पावर ४ परीयोजना, आवाज संस्था, निक साइमन, सोसेक नेपाल, *सेवक दैलेख, एभरेष्ट क्लव दैलेख*, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।अन्त्यमा

आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । साथै नीति तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद ।